नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

वर्ष १ | अंक २५ | २०७९ साल मंसिर १८ गते आइतवार | Sunday 4, Dec. 2022 | पृष्ठ ८ | मूल्य रु. ५/-

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर




भित्र

पृष्ठ २ मा
**जन्तीको गाडी दुर्घटनामा ५ को मृत्यु, ९ घाइते**

पृष्ठ ३ मा
**नागरिकता किर्ते आरोपी प्रमुख पदमा कार्यरत**

पृष्ठ ४ मा
**रवीश कुमार जिंदाबाद**

पृष्ठ ५ मा
**आयल निगमले घटाएन पेट्रोलियम पदार्थको मूल्य**

पृष्ठ ६ मा
**मजदूरी सँगै पढाईमा व्यस्त दलित परिवारकी ज्योति**

पृष्ठ ७ मा
**पाकिस्तानी दूतावासमा भएको हमलाको निन्दा**

## अन्तर्घातीलाई एमाले पर्साले गर्यो कारवाही

मधेशदृष्टि
वीरगंज, मंसिर १७

मंसिर ४ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य एवम् व्यहोर्नुपरेको ठहर गर्दै केन्द्रीय पार्टीको निर्देशनमा अनुशासन विपरित गतिविधि गर्नेलाई कारबाही गरेको हो । कारबाही पर्नेहरुमा संगठित सदस्य अध्यक्ष मनोज गुप्ता
२. जिल्ला कमिटी सदस्य एवं सखुवा प्रसौनी गाउँपालिका अध्यक्ष यसवन्त यादव
३. जिल्ला कमिटी सदस्य एवं



प्रदेश सभा सदस्य निर्वाचनको क्रममा अन्तर्घात गर्ने, पार्टीले उठाएको उम्मेदवारका विरुद्ध बागी उठ्ने नेता तथा कार्यकर्तालाई एमाले पर्सा कमिटीले कारबाही गरेको छ । निर्वाचन समीक्षा गर्न बसेको एमाले सचिवालय कमिटी बैठकले अन्तर्घात र बागी उठ्नेहरुलाई साधारण सदस्य नरहने गरी पार्टीबाट निष्कासन गरी कारबाही गरेको जिल्ला कमिटी अध्यक्ष जयप्रकाश थारूले बताए ।
अधिकांश क्षेत्रहरूमा अन्तर्घात भएको कारण पार्टीले हार, प्रदेश कमिटी सदस्यदेखि केन्द्रीय सदस्य समेत रहेको छन्। जिल्ला कमिटी अध्यक्ष थारुको अध्यक्षता एवं केन्द्रिय सदस्य तथा पर्सा जिल्ला इन्चार्ज प्रभु हजारको प्रमुख आतिथ्यमा बसेको सचिवालय कमिटीले पार्टीको कमिटीले सिफारिश गरेको आधारमा अनुसन्धान गरी कारबाही गरेको छ ।
सचिवालय कमिटीको बैठकले पार्टीको साधारण सदस्य समेत नरहने गरी कार्वाही गरेको नमलवाली यसप्रकार छन् :-
१. जिल्ला कमिटी सचिव एवं छिपहरमाई गाउँपालिका वडा अध्यक्ष वासुदेव महत्तो थारु
४. नाजुदिन अंसारी
५. इमरान हुसेन
६. मंजूर आलम
७. पवन तिवारी
८. सुबास साह कानु
९. वीरेन्द्र साह कानु
१०. मौजीलाल साह कानु
११. मुस्तकीम अंसारी
१२. रामप्रित महतो थारु
१३. अमानत अंसारी
१४. नबिजान मियाँ

सहितलाई आजैका मितिदेखि पार्टीको साधारण सदस्य समेत नरहने गरी कार्वाही गरिएको जिल्ला कमिटी अध्यक्ष थारुले बताए। यस्तै उक्त सचिवालय कमिटीको बैठक पार्टीको निर्देशनमा अनुशासन विपरित गतिविधि गर्ने २६ लाई स्पष्टीकरण सोधेको छ ।
१. महेश दास
२. नरेश तिकडेवाल
३. अमोद यादव
४. संजिव बहादुर छत्कुली
५. विश्वराज कुर्मी
६. जितेन्द्र पटेल
७. सम्सुदिन अंसारी
८. सुनिल कुशवाहा
९. रामबाबु साह
१०. प्रमोद यादव
११. महादेव साह कलवार
१२. इनरदेव चौधरी
१३. रामनाथ चौधरी
१४. रामराज यादव
१५. हरिनारायण चौधरी
१६. रामेश्वर साह कानु
१७. फरिन्द्र कुशवाहा
१८. जितेन्द्र साह कलवार
१९. नाजिर मियाँ
२०. गौरी शंकर साह कानु
२१. महेन्द्र साह कलवार
२२. विनोद साह कानु
२३. विश्वेश्वर यादव
२४. कुरान अलि
२५. फुलमहमद मियाँ
२६. रियाजुल मियाँ

सचिवालय कमिटी बैठकले ठोरी गाउँपालिका कमिटी अध्यक्ष खगेन्द्र बहादुर श्रेष्ठसहित पालिका कमिटीलाई पनि स्पष्टीकरण सोधेको छ ।
प्रतिनिधि सभा सदस्य एवं प्रदेश सभा सदस्य निर्वाचनमा अन्तर्घात गर्ने केन्द्रिय सदस्य तथा पर्सा जिल्ला इन्चार्ज प्रभु हजार र प्रदेश कमिटी सदस्य बश्रुदिन अन्सारीलाई कारबाहीका लागि केन्द्रिय कमिटीमा उक्त सचिवालयको बैठकले सिफारिश गरेको छ ।
हजार र अंसारी पार्टीका उम्मेदवारहरुलाई हराउन गतिविधि गरेको भन्ने कार्यकर्ताबाट व्यापक गुनासो आएपछि सचिवालय कमिटीले कारवाहीको माग गर्दै केन्द्रीय कमिटीमा सिफारिश गरेको छ। जिल्ला कमिटीले छानविन समितिले दिएको प्रतिवेदनको आधारमा कारबाहीको लागि केन्द्रिय कमिटीमा पठाएको जनाएको छ ।

## "डू एण्ड डाई" मनस्थितिमा काम गर्ने : अध्यक्ष राउत

मधेशदृष्टि - जनकपुर, मंसिर १७ ।
जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले जनताको अपेक्षाअनुसार आफूले 'डू एण्ड डाई'को मनस्थितिमा काम गर्नुपर्ने अवस्था रहेको बताएका छन् । शनिबार पार्टीद्वारा काठमाण्डौमा आयोजित एक कार्यक्रममा बोल्दै उनले जनताले आफ्नो पार्टीलाई अन्तिम आशाको नजरले हेरेको भन्दै उनीहरुको आशालाई निराश हुन नदिने गरी 'डू एण्ड डाई'को मनस्थितिमा रातदिन काममा खटिने योजना पनि भने ।




सप्तरी क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित अध्यक्ष राउतले जनताको अपेक्षा पूरा गराउनका लागि आगामी दिनमा झन् बढी सहयोगको अपेक्षा गरिएको पनि बताए । एउटा व्यक्ति सांसद, मन्त्री वा प्रधानमन्त्री हुँदैमा केही गर्न नसकिने तर सबैको सहयोग पाए जनताको हितमा काम गर्न सकिने उलने भने । उनले भने 'जनताले जुन अपेक्षा हामीसँग राखेका छन, त्यो अपेक्षा कति ठूलो छ भन्ने तपाईंहरुलाई पनि अनुमान छ । कतिपयले त अन्तिम आशा समेत भन्नु हुन्छ । मलाई त्यो शब्द प्रयोग गर्दा एकदम डर लाग्छ । अन्तिम

- *बाँकी पृष्ठ ६ मा*

## धान चामलको आयात बढ्यो

मधेशदृष्टि
वीरगंज, मंसिर १७




भारतले धान र चामलको निर्यात खुल्ला गरे लगत्तै वीरगन्ज नाकाबाट धान र चामलको आयात ह्वात्तै बढेको छ । मंसिर ४ को प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन सकिए लगत्तै भारतबाट यसको आयात सुरु भएको हो । वीरगन्ज स्थित एकीकृत सुरक्षा जाँच चौकी (आइसीपी) सञ्चालक इन्टरमोडल यातायात विकास समितिको तथ्यांक अनुसार मंसिर ५ देखि १७ गते सम्म वीरगन्ज नाका हुँदै १ हजार ९ सय ४० ट्रक धान र चामल भारतबाट आयात भएको छ । जसमा १ हजार ९ सय १२ ट्रक धान र २८ ट्रक चामल रहेको छ । गत बिहीबार एकै दिन २ सय ५ ट्रक धान आयात भएको थियो । इन्टर मोडलका अपरेसन इन्चार्ज जितेन्द्र रसाइली धान चालमको आयात बढेपछि यो नाका हुँदै दैनिक भित्रिने मालबाहक सवारीको संख्या नै बढेको बताउँछन् ।
यसअघि दैनिक ४ सय देखि ४ सय ५० को हाराहारीमा मालबाहक सवारी साधन दैनिक भित्रिने गरेकोमा डेढ सातायता भने दैनिक ५ सय देखि ५ सय ५० ट्रक मालसामान बीरगंज नाकाबाट भित्रिने गरेको रसाईलीले जानकारी दिए । भारतले नेपालतर्फ धान र चामलको निर्यात खुल्ला गरे लगत्तै यो नाकाबाट धान चामल भित्रिन सुरु भएको वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकृत दिल्ली सुवेदीले जानकारी दिए ।
वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष एवम् नेपाल चामल दाल तेल उद्योग संघका केन्द्रीय अध्यक्ष सुबोधकुमार गुप्ताले भारतले नेपालका लागि यस वर्ष ६ लाख मेट्रिक टन मात्र धान चामलको निर्यात फुकुवा गरेकाले व्यवसायीले हतारमा धान चामल आयात गरिरहेको बताउँछन् ।

## रहेनन् शालिन पत्रकार शिवहरि

**विनय कर्ण**
**सप्तरी, १७ मंसिर**

सप्तरीका वरिष्ठ पत्रकार शिवहरी भट्टराईको शनिवार भएको असमायिक निधनले यहाँका पत्रकारिता जगत यतिबेला शोकमा डुवेका छन् । नेपाल पत्रकार महासंघ शाखा सर्लाहीको साधारणसभामा सहभागि हुन जनकपुरबाट शुक्रवार साँझ लालबन्दीको पत्थरकोट स्थित होलीडे



रिसोटमा पुगेका उनी शनिवार विहान ८:३० बजेतिर कोठामै मृत अवस्थामा फेला परेपछि यहाँका पत्रकार शोकमा डुवेका हुन् ।
सधैं स्वच्छ र मर्यादित पत्रकारिताको कुरा गर्दै आएका भट्टराई २३ माघ २०७७ मा मधेश प्रदेश मिडिया काउन्सिलका अध्यक्षमा नियुक्त भई कामकाज गर्दे आएका थिए ।
सप्तरीको पत्रकारिता क्षेत्रमा अतुलनिय योगदान गरेका भट्टराईले यहाँको पत्रकारितालाई देशैभरिमा चिनाउने काम मात्रै गरेन उनले सधै स्वच्छ, निष्पक्ष, मर्यादित र अनुशासित भएर पत्रकारिता गर्न यहाँका पत्रकारलाई प्रेरणा दिए ।
पत्रकारितामा ५ दशकको यात्रा नेपाल पत्रकार महासंघ सप्तरीका संस्थापक अध्यक्ष भट्टराईको ५ दशक लामो पत्रकारिता इतिहास छ । कर्मशील पत्रकारको रुपमा चिनिएका उनी काठमाडौ बाट प्रकाशित हुने 'तर्क साप्ताहिक' मा २०२८ सालबाट पत्रकारिता शुरु गरेका हुन् ।
२०४० सालमा सूचना साप्ताहिक पत्रिकाका सम्पादक भएर प्रकाशन गर्न थालेको उनलाई पत्रकारिता क्षेत्र संग जोड्ने सप्तरीका वरिष्ठ पत्रकार अनिल अनलले बताए
२०२३ साल देखि गोरेटो सप्ताहिक प्रकाशन गर्दे आएका सप्तरीका जेठा पत्रकार शिशु देवकोटाको सानिध्यमा मैले २०२८ सालमा शिवहरी भट्टराईलाई ल्याएर पत्रकारिता संग जोडेको बरिष्ठ पत्रकार अनिल अनल भन्छन्," म संगै रामनाराण देव, मुक्तिनाथ मंडल, ध्रुव मल्ल ठकुरी र २०३२ सालमा प्रेस स्वतन्त्रा सेनानी बैद्यनाथ झा जोडिए, सप्तरी पत्रकारिताको इतिहासमा यिनीहरुलाई एउटा 'पिलर' को रुपमा लिन सकिन्छ ।" २०५१ सालमा नेपाल पत्रकार संघ सप्तरीका संस्थापक अध्यक्ष भए उनी । २०५३ सालमा किशोर नेपाल नेपाल पत्रकार महासंघको केन्द्रिय अध्यक्ष हुँदा उनी उपाध्यक्ष थिए । २०५६ सालमा नेपाल प्रेस काउन्सीलको सदस्य भए ।
२०७६ सालमा नेपाल पत्रकार महासंघको कृष्णप्रसाद भट्टराई पत्रकारिता पुरस्कारबाट सम्मानित उनी २३ माघ २०७७

- *बाँकी पृष्ठ ६ मा*

### मुख्यमन्त्री द्वारा शोक व्यक्त

मधेस प्रदेश सरकारका मुख्यमन्त्री लालबाबु राउतले मिडिया काउन्सिल मधेस प्रदेशका अध्यक्ष शिवहरि भट्टराईको निधनले स्तब्ध बनाएको बताएका छन ।
मुख्यमन्त्री राउतले शनिवार शोक वक्तव्य जारी गर्दे अध्यक्ष भट्टराईको निधनले मधेस प्रदेशको पत्रकारिता क्षेत्रमा अपुरणीय क्षति पुगेको उल्लेख गरेका छन ।
दिवङ्गत अध्यक्ष भट्टराईप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दै मुख्यमन्त्री राउतले शोकाकुल परिवारजनमा समवेदना व्यक्त गरेको छ । यसैगरी मधेस प्रदेश

- *बाँकी पृष्ठ ६ मा*





चितवनको भरतपुर महानगरपालिका-१ रामनगरमा खानेपानी ल्याउन भरतपुर-२९ खहरे खोलास्थित मुहानमा श्रमदान गर्दै प्रहरी र स्थानीय । *तस्बिरः कृष्ण आचार्य, रासस*

# बउवा संघको अध्यक्षमा ४ दाबेदार

मधेशदृष्टि
जनकपुर, मंसिर १७ ।

करिब १० वर्षपछि आउंदो पुस ५ गते हुन लागेको बर्दिबास उद्योग वाणिज्य संघको निर्वाचनको सरगर्मी बढन थालेका छन ।

निर्वाचनको समय नजिकदै जाँदा अध्यक्ष पदका आकांक्षीहरु पनि खुल्न थालेका छन । नयाँ नेतृत्वका लागि निवर्तमान कार्यबाहक अध्यक्ष कृष्णप्रसाद गौतम, महासचिव भवनाथ खतिवडा, सदस्य विनोद भण्डारी र पूर्वसदस्य विष्णु खड्का अध्यक्ष पदका आकांक्षी देखिएका छन ।

निर्वाचनका लागि मंसिर २५ गते उम्मेदवारी दर्ता गर्ने कार्यक्रम रहेको चुनाव तालिका निर्वाचन समितिले जनाएको छ । व्यापारिक दृष्टिकोणले बर्दिबास राम्रो मानिएकाले सबैको नजर रहेको छ। त्यसैले सो वाणिज्य संघको नेतृत्वका लागि रस्साकस्सी हुन थालेको छ । निवर्तमान कार्यवाहक अध्यक्ष गौतमले आफूसँग दुई दशक देखि वाणिज्य संघका विभिन्न भूमिकामा रहेर काम गरेकाले अध्यक्ष भएर नयाँ ढंगले काम गर्न अध्यक्ष पदमा दाबी गरेको बताए ।

उनी भन्छन वरिष्ठ उपाध्यक्ष पदमा बसेर संघका लागि धेरै कामहरु गरेकाले अध्यक्ष पदमा दाबेदारी गरेको हुँ । उनले घरधनीलाई आग्रह गरेर भाडामा व्यापारीलाई सहुलियत दिलाउने मेरो योजना रहेको बताएका छन् । यसका साथै नगरपालिकासँग समन्वय र पहल गरेर कृषिजन्य व्यवसायीहरुको हितका लागि सित भण्डार स्थापना गराउने, साना किसानले उत्पादन गरेको वस्तुको बजारको व्यवस्थापन लगायतका योजना रहेको छ ।

बर्दिबासमा १२ वर्षदेखि व्यवसाय गर्दै आएका अध्यक्ष पदका आकांक्षी देखिएका अर्का निवर्तमान महासचिव भवनाथ खतिवडाले व्यवसायिहरुको हकहितका लागि नयाँ एजेण्डाहरुका साथ अध्यक्ष पदमा दाबी गरेको बताए ।

बर्दिबासमा २० वर्षदेखि व्यवसाय गर्दै आएका अध्यक्ष पदकै अर्का आकांक्षी विनोद भण्डारीले बर्दिबासलाई सबै व्यवसायीहरुले अपनत्व महशुस गराउने गरी काम गर्न आफू अध्यक्ष पदमा उम्मेदवारी दिन लागेको बताए ।

# जन्तीको गाडी दुर्घटनामा ५ को मृत्यु, ९ घाइते

मधेशदृष्टि
जनकपुर, मंसिर १७ ।

धनुषामा विंगर र पिकअप भ्यान एक आपसमा ठोक्किदा ५ जनाको मृत्यु भएको छ भने ९ जना घाइते भएको छ ।

पुर्व पश्चिम राजमार्ग अन्तर्गत धनुषाको विरेन्द्र बजारमा जन्तीबाट फर्किदै गरेका ना १ ज ८३९६ नम्बरको विंगर विपरित दिसाबाट आइरहेका ज १ च १४९६ नम्बरको पिकअप भ्यानसंग ठोक्किदा दुर्घटना भएको हो ।

सो दुर्घटनामा मृत्यु हुनेहरूमा धनुषाको मुखियापट्टी मुसहरनिया गाउंपालिका ५ तुल्सीयाहीका वर्ष ३० कि रूबी साह, धनुषाको धनौजी गाउंपालिका ४ का विंगर चालक अब्दुल मंसुरी, महोतरी रामगोपापुर नगरपालिका ७ सहसौलाकी मञ्जुकुमारी साह, वर्ष १३ का श्रृजना साह र महोतरी पिपरा गाउंपालिकाका ११ वर्षीय बालक एस कुमार रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।




घाइते हुनेमा महोत्तरीको लोहारपट्टि-४ बगरा बस्ने १४ वर्षीया प्रतिका साह, १८ वर्षीया कविताकुमारी साह, धनुषाको मुखियापट्टि मुसरनिया-४ बस्ने ३५ वर्षीय संजय साह, ३ वर्षीया बालिका अरूसा साह, ६ वर्षीय बालक अर्वण साह, १० वर्षीय आयुसकुमार साह, महोत्तरीको पिपरा-२ बस्ने २६ वर्षीय प्रियङ्का साह, ५ वर्षीया बालिका प्रतिका साह र ४ वर्षीय बालक अंशु साह रहेको धनुषाका प्रहरी प्रवक्ता डिएसपी दिपक रायले जनाएको छ ।

घाइतेको उपचार प्रादेशिक अस्पताल जनकपुरधाममा भइरहेको छ ।

महोत्तरीको पिपरा गाउँपालिका गमहरियाबाट इटहरी जन्ती गएर फर्किँदै गरेको विंगरलाईशनिवार बिहान साढे ५ बजे धनुषाको बिरेन्द्र बजारमा पिकअपले ठक्कर हानेको उनले बताए ।

# मटिहानी नपाद्वारा सरसफाई र शैक्षिक सामाग्री वितरण

मधेशदृष्टि
जनकपुर, मंसिर १७ ।

महोत्तरीको मटिहानी नगरपालिकाले गर्भवती महिलालाई सरसफाइ सामग्री तथा शैक्षिक सामाग्री वितरण गरेको छ।

स्वास्थ्य चौकीमा प्रोटोकल अनुसार ८ पटक जाँच गराउन प्रोत्साहित गर्ने उद्देश्यले सरसफाई सामग्री र गर्भवतीलाई लुगा धुने साबुन वितरण गरिएको जनाइएको छ । नगरपालिका अन्तर्गतका चार वटा स्वास्थ्य चौकीबाट प्रोटोकल अनुसार ८ पटक जाँच गराएमा प्रत्येक पटक प्रोत्साहन स्वरूप १(एक) वटा लुगा धुने साबुन दिइने उद्देश्यले सो सामाग्री वितरण गरिएको मेयर हरि मण्डलले बताएका छन ।

यसैबीच ३१ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसका अवसरमा मटिहानी नगरपालिकाले शैक्षिक सामग्री वितरण समेत गरेको छ । शनिबार अपाङ्गता भएका विद्यार्थीहरूलाई शैक्षिक सामग्री सहितको झोला वितरण गरिएको हो।नगरभरिका विभिन्न सामुदायिक विद्यालयमा अध्ययनरत प्राथमिक तहका ४५ जना अपाङ्गता भएका छात्र छात्रालाई झोला र स्टेशनरी सामग्री वितरण गरिएको हो। नगरपालिकाको लक्षित कार्यक्रम अन्तर्गत उनीहरूलाई सो सामग्री वितरण गरिएको नगरप्रमुख हरि प्रसाद मन्डलले जानकारी दिएका छन्।



# चार विगहाको धानमा आगजनी

रौतहट १७ मंसिर/ स्थानिय शेख ग्यासुदिनले दाई गर्न खेतमा जम्मा गरि राखेको ४ बिगाह जमिनको धानमा आगजनी भएको छ ।

आगजनी बाटधानका भारी पुर्णरुपमा जलेर २ लाख ६० हजार बराबरको क्षति भएको पीडित आलमले बताएका छन् । दाइ गरेर घरमा भित्रयाउने बेलामा धान थुपारेको ठाउँमा कसैले राजनीतिक पुर्वाग्रहको कारण आगलागी गरेको हुनसक्ने आलमको अनुमान रहेको छ। दोषीलाई तत्काल पक्राउ गरि कानुनी कारवाही गर्नुका साथै क्षतिपूर्ति दिलाउन पीडित परिवारको माग रहेको छ। घटनाको पुष्टि गर्दै आवश्यक अनुसन्धानभई रहेको प्रहरी चौकी बरियापुरले जनाएको छ । यस अघि मंसिर १३ गते मंगलबार बिजयपुर नगरपालिकाको शितलपुर बैरगनिया गाउमा पुर्वसई रामानन्द यादबले काटेर दाइगर्न राखेको दुई बिगहा क्षेत्रफलको धानमा अज्ञात समुहद्वारा आगजनी गरिएको थियो ।

# एकीकृत साकोसको १४औं वार्षिक साधारणसभा सम्पन्न

मुकेश कुमार साह
रौतहट १७, मंसिर

रौतहटको चन्द्रपुरमा रहेको एकीकृत बचत तथा ऋण सहकारी संस्थालि. को १४औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ । संस्थाकाअध्यक्ष कृष्ण बहादुर खड्काको अध्यक्षतामा साधारणसभा सम्पन्न भएको हो । सभाको उद्घाटन चन्द्रपुर नगरपालिकाकानगर प्रमुख संजय काफ्लेले पानसमाबत्तीबालेर गरेका थिए । कार्यक्रममा बोल्दै उनले संस्थाको उन्नति र प्रगतिको कामनागर्दै सहकारीले राम्रो कामगरिरहेको भन्दै आगामीदिनमापनिअझै आक्रामक रूपमाविस्तार हुन सुझावदिए । सहकारी संस्थाभनेको जनताको चेतनास्तर उकास्ने शिक्षालयपनि भएको बताउदै उनले व्यक्तिको प्रवृत्ति र गलतकामले संस्थाको बद्नामहुनेतर्फ सचेत हुनुपर्नेमा जोड दिए । कार्यक्रमका बिशिस्ट अतिथी रहेका चन्द्रपुर नगरपालिकाका सहकारी प्रमुख नसरे आलमले चन्द्रपुरमा ७० भन्दा बढी सहकारी रहेपनिआफ्नो नीतिनियममा नरहेकोले सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप अगाडी बढ्न सल्लाहदिए । सहकारीले स्थानीय स्तरमा छरिएर रहेको श्रम, पूँजी, प्रविधि तथा प्रतिभालाई स्वालम्बन र पारस्परिकताकाआधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिकमा बृद्धी गर्ने भएको हुदा सहकारीकर्मीले यसमाबिशेष ध्यानदिनुपर्ने उनले सुझाए।




असल, विश्वासिलो तथा टिकाउ सहकारी संस्थाबनाउनकुनै पनि सहकारी संस्थाले सहकारीको मूल्यमान्यता तथा सिद्धान्तलाई पालनगर्दै सहकारी संस्थाहरु अगाडी बढ्नु पर्नेमाउनको जोड थियो ।

कर्यक्रममा संस्थाको वार्षिक प्रगतिप्रतिवेदन संस्थाका सचिव गणेश कुमार दाहालले पेस गरेका थिए । शेयर सदस्यतामा बृध्दि, बचत बृध्दि, बचत नीतिमाब्यबस्था, ऋण सम्बन्धिब्यबस्थालगायतकाकार्यहरुको प्रस्ताव समेत कार्यक्रममागरिएको छ ।

S S Product
# माधो एग्रो धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।

कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,000।- मा लिएर जानुहोस् ।

माधो एग्रो थ्रेसरको विशेषताहरूः

१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

* शर्तहरु लागु हुनेछ ।

सम्पर्कः त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालयः भरतपुर, चितवन, ९८५५०३७०९९

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
अरुलाई प्रभावित पारेर काम बन्नेछ । मनोरञ्जनमा सहभागी भइएला । पारिवारिक सद्भाव बढ्नेछ । लगानी र व्यवसायमा पर्याप्त लाभ मिल्नेछ ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
सरकारी निकायको भय रहला । व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ । अविश्वास उत्पन्न हुनेछ । घर परिवारमा झैझमेलाको अवस्था आउन सक्छ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आज आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । अचल सम्पत्ति हात पर्ने योग छ । शेयर बजार, कलकारखाना र बन्दव्यापारमा फाइदा नै हुनेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज शुभकार्यको चर्चा चल्नेछ । परिवारमा सुख सन्तोष छाउनेछ । कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
नयाँ कार्यको थालनी हुनेछ । लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ । पदोन्नतिको सम्भावना प्रबल छ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभहानी, सुखदु:ख बराबरी मध्यम खालको दिन छ तर ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । प्रेममा बाधा पनि आउन सक्छ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज प्रेमीको सहयोग प्राप्त हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । न्यायिक कार्यमा सफलता मिल्नेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज आफन्तसँग भेट घाट हुनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । स्वादिष्ट भोजन पाइनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज धर्मकर्म, परोपकार र समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । रोकिएको धन हात लाग्न सक्छ । अतिथिको रूपमा सत्कार पनि पाइनेछ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
बन्न लागेको काम बिग्रन सक्छ । सामान हराउने वा चोरी हुने भय छ । दुष्ट व्यक्तिको सङ्गतिले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । राज्यबाट मान सम्मान पाइनेछ । शुभ समाचार सुन्न पाइएला । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
जोशजाँगर र हिम्मत बढ्नेछ । आकस्मिक धन लाभ हुनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । दाम्पत्य जीवन सुखमय हुनेछ ।




प्रतिनिधिसभा सदस्य निर्वाचनको नतिजा टुङ्गिनै लाग्दा सङ्घीय संसद् सचिवालयले सिंहदरबारमा राजनीतिक दलका लागि कार्यालय व्यवस्थापन, रङ्गरोगन र सरसफाइ सुरु गरेको छ। *तस्बिरः नारायण न्यौपाने, रासस*

# नागरिकता किर्ते आरोपी प्रमुख पदमा कार्यरत




मधेशदृष्टि
जनकपुर, मंसिर १७।
एक वर्षभन्दा बढी समयदेखि फरार रहेका नागरिकता किर्तेका आरोपी विश्वनाथ यादव अहिले शहिदनगर नगरपालिकाको शिक्षा प्रमुख पदमा कार्यरत छन्। जिल्ला अदालत धनुषाले उनलाई सो मुद्दामा सफाइ दिएपनि उच्च अदालत जनकपुरधामले उनले सफाइ पाउनुपर्ने आधार नदेखिएको भन्दै मुद्दाको फाइल पुनः खोलेका छन्।

नियम कानुनले नागरिकता पाउन नहुने नागरिकलाई बनाएको, भारतीय नागरिकलाई नागरिकताको रेकर्ड किर्ते गरी कायम गरेको आरोपसहित उनीमाथि जिल्ला अदालतमा मुद्दा दायर गरिएको थियो। एक वर्षभन्दा बढी समय फरार रहेका यादव जिल्ला अदालतबाट सफाई पाएपछि घर फर्केका थिए। उनले सफाई पाएपछि उच्च अदालत जनकपुरधाममा सो मुद्दाको पुनवरावेदनका लागि संगठित अपराध नागरिकता राहदानी सरकारी कागज किर्तेमा मुद्दा दायर गरियो। ती मुद्दामा उच्च अदालतका न्यायधिशद्वय गुणराज लुईटेल र सागर विष्टको संयुक्त इजलासबाट मुलुक फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४० (३) बमोजिम छलफल प्रयोजनार्थ विपक्षीहरुको नाउँमा सूचना गरी झिकाई वा म्याद नाघेमा नियमानुसार गर्न असोज ५ गते आदेश गरिएको छ। सो आदेशमा प्रतिवादीहरु मध्ये महावीर मण्डलले आरोपित कसूरमा आफू सबिति भई अन्य प्रतिवादीहरु उपर किटानी बकपत्र गरेको अवस्थामा त्यसतर्फ कुनै विवेचना नगरी आरोपित कसूरबाट सफाई दिनेगरी जिल्ला अदालतको फैसला प्रमाण मूल्यांकनको रोहमा विचारणीय देखिएको भनिएको छ। गत वर्ष माघ १८ गतेका दिन जिल्ला अदालतबाट प्रतिवादीहरु सफाई पाएका थिए। बालाबाखर कुम्भकरणस्थित रहेको प्राथमिक विद्यालयका प्रधानाध्यापक (हेडमास्टर) समेत रहेका यादवमाथि नेपाल सरकार बादी बन्दै पुनरावेदन गरेको थियो।

# मधेस प्रदेशमा १८ पूर्वमन्त्री पराजित

जनकपुरधाम,मंसिर १७
प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको अन्तिम परिणाम सार्वजनिक हुँदा मधेस प्रदेशमा १८ जना पूर्वमन्त्री पराजित भएका छन्। कतिपय पूर्वमन्त्री नयाँ अनुहारसँग पराजय भएका छन भने कतिपयलाई अघिल्ला प्रतिस्पर्धीबाट हार बेहोर्नुपरेको छ। सबैभन्दा बढी धनुषामा मात्रै छ जना पूर्वमन्त्री पराजित भएका छन। धनुषाको क्षेत्र नम्बर १ मा नेकपा (माओवादी केन्द्र)का उपमहासचिव तथा पूर्वमन्त्री मात्रिकाप्रसाद यादव अघिल्ला प्रतिस्पर्धी जनता समाजवादी पार्टीका नेता दीपक कार्कीसँग पराजित भएका छन। गत २०७४ सालको निर्वाचनमा सोही क्षेत्रबाट यादव २६ हजार चार सय १८ मत प्राप्त गरी विजयी हुँदा कार्की १७ हजार दुई सय ९६ मत प्राप्त गरेका थिए। यादव गत २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा पनि सोही क्षेत्रबाट निर्वाचित भएक ाथिए। यस्तै धनुषा क्षेत्र नम्बर २ मा चुनावी प्रतिस्पर्धामा रहेका तीन जना पूर्वमन्त्रीमध्ये पूर्वमन्त्री तथा कांग्रेस नेता रामकृष्ण यादव निर्वाचित भएका छन भने पूर्वमन्त्री उमाशङ्कर अरगरिया र रामचन्द्र झा पराजित भएका छन। गत २०७४ सालको निर्वाचनमा अरगरिया निर्वाचन हुँदा झा र यादव पराजित भएका थिए। धनुषा क्षेत्र नं ३ मा पूर्वमन्त्री तथा लोसपा नेता अनिलकुमार झा पराजित भएका छन। पूर्वमन्त्री तथा नेकपा (एमाले)का नेत्री जुलीकुमारी महतोसँग झा पराजित भएको मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले जानकारी दिए। मुख्य निर्वाचन अधिकृत प्याकुरेलका अनुसार महतोले ३३ हजार तीन सय ८८ मत प्राप्त गरे भने झाले २३ हजार छ सय ८६ मत ल्याए। धनुषाको क्षेत्र नम्बर ४ मा पूर्वमन्त्री तथा एमालेका सचिव रघुवीर महासेठ दोस्रो पटक विजयी हुँदा पूर्वमन्त्री तथा कांग्रेसका सहमहामन्त्री महेन्द्रयादव पराजित भएका छन। निर्वाचन अधिकृतको कार्यालयका अनुसार महासेठले यादवलाई एक सय ४२ मतान्तरले पराजित गरेका छन। महासेठले ३२ हजार दुई सय ३६ मत ल्याएर निर्वाचित हुदाँ यादवले ३२ हजार एक सय १२ मत प्राप्त गरे। सोही क्षेत्रको प्रदेशसभामा चुनाव लडेका पूर्वराज्यमन्त्री तथा नेकपा (एकीकृत समाजवादी) पार्टीका नेता सत्रुधनप्रसाद महतो पनि एमालेका नेता हरिनारायण महतोसँग पराजित भएका छन। धनुषामा छ जना पूर्वमन्त्री पराजित हुँदा छिमेकी जिल्ला सिरहामा पनि चार जना पूर्वमन्त्रीलाई पराजय बेहोर्नुपरेको छ। सिरहा क्षेत्र नम्बर १ मा पूर्वमन्त्री तथा कांग्रेस नेता पदमनारायण चौधरी एमालेका रामशङ्कर यादवसँग पराजित भएका छन। एमालेका यादवले २९ हजार चार सय ६२ मत प्राप्त गरी विजयी हुँदा चौधरीले २७ हजार तीन सय ७९ मत प्राप्त गरेका छन। सिरहा क्षेत्र नम्बर २ मा पूर्वमन्त्री तथा कांग्रेस नेत्री चित्रलेखा यादव पराजित भएका छन। उनलाई पूर्वमन्त्री तथा जसपाका नेता राजकिशोर यादवले एक हजार एक सय ५० मतान्तरले पराजित गरेका हुन। त्यहाँ जसपा नेता यादवले २४ हजार एक सय ७८ मत प्राप्त गर्दा कांग्रेस नेत्री यादवले २३ हजार २८ मत प्राप्त गरे। सिरहा क्षेत्र नम्बर ३ मा चुनावी मैदानमा उत्रिएका पूर्वमन्त्री तथा एमाले नेता लिलानाथ श्रेष्ठ निर्वाचित हुँदा अर्का पूर्वमन्त्री तथा माओवादी केन्द्रका नेता विश्वनाथ साह पराजित भए। निर्वाचन अधिकृतको कार्यालयका अनुसार एमाले नेता श्रेष्ठले २८ हजार ६४ मत प्राप्त गर्दा माओवादी नेता साहले २६ हजार आठ सय ८२ मत प्राप्त गरेका छन। सिरहा क्षेत्र नम्बर ४ मा पूर्वमन्त्री धर्मनाथ साह पनि फराकिलो मतान्तरले पारजित भए। सो क्षेत्रमा जसपाबाट डा वीरेन्द्रप्रसाद महतो २३ हजार एक सय दुई मत ल्याएर विजयी भए भने तेस्रो स्थानमा रहेका पूर्वमन्त्री साहले १४ हजार छ सय ५३ मत मात्र प्राप्त गरे। उम्मेदवारी दर्तादेखि मतगणनासम्म सर्वाधिक चासोको रुपमा रहेको सप्तरी क्षेत्र नम्बर २ मा पूर्वउपप्रधानमन्त्री तथा जसपा अध्यक्ष उपेन्द्र यादव जनमत पार्टीका अध्यक्ष डा सिके राउतसँग फराकिलो मतान्तरले पराजित भए। जनमत अध्यक्ष डा राउतले ३५ हजार ४२ मत प्राप्त गरी विजयी हुँदा जसपा अध्यक्ष यादवले १६ हजार नौ सय ७९ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले बताए। सो क्षेत्रको प्रदेशसभा क्षेत्र नम्बर २ (२) मा चुनाव लडेका पूर्वमन्त्री तथा माओवादी केन्द्र सप्तरीका अध्यक्ष उमेशकुमार यादव आफ्नै पूर्वसहकर्मीबाट पराजित भएका छन। उम्मेदवारी मनोनयनपत्र दर्ताको पूर्वसन्ध्यामा नेकपा (माओवादी केन्द्र) छाडेर जनमत पार्टीबाट उम्मेदवारी दर्त्ता गराएका महेशप्रसाद यादवले पूर्वमन्त्री यादवलाई पराजित गरेका छन। गत २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा सप्तरी क्षेत्र नम्बर १ बाट निर्वाचित भई मन्त्रीसमेत भइसकेका हेमराज तातेड यस पटकको प्रदेशसभा सदस्य निर्वाचनमा भने आफ्नो जमानतसमेत जोगाउन सकेनन। कांग्रेसले टिकट नदिएपछि सप्तरी क्षेत्र नम्बर १(१) मा स्वतन्त्र उम्मेदवारी दिएका तातेडले जम्मा नौ सय ९२ मत मात्र प्राप्त गरे। सो क्षेत्रबाट एमालेका राजकुमार लेखी १४ हजार दुई सय ९१ मत प्राप्त गरी विजयी हुनुभएको छ। महोत्तरीमा पनि दुई जना पूर्वमन्त्री पराजित भएका छन। महोत्तरी क्षेत्र नम्बर १ मा पटकपटक मन्त्री भइसकेका माओवादी केन्द्रका उपमहासचिव गिरिराजमणि पोखरेलएकहजार३०मतान्तरले अघिल्लो प्रतिस्पर्धीबाटै पराजित भएका छन। एमालेका लक्ष्मी महतो कोइरी २३ हजार चार सय दुई मत ल्याएर विजयी हुँदा पूर्वमन्त्री पोखरेलले २२ हजार तीन सय २ मत प्राप्त गरे। गत २०७० र २०७४ सालको निर्वाचनमा पोखरेल सोही क्षेत्रबाट निर्वाचित भएका थिए। पूर्वस्वास्थ्य राज्यमन्त्री सुरेन्द्रकुमार यादव पनि पराजित भएका छन। कांग्रेस नेता महेन्द्र राय महोत्तरी क्षेत्र नम्बर ४ बाट निर्वाचित हुँदा पूर्वराज्यमन्त्री यादव चार हजार एक सय २४ मतान्तरले पराजित भएका छन। राय २५ हजार चार सय २० मत ल्याएर निर्वाचित हुँदा जसपाका यादवले २१ हजार दुई सय ९६ मतमा सीमित थिए। गत २०७४ सालको निर्वाचनमा यादवले रायलाई पाँच हजार मतान्तरले पराजित गरेका थिए। गत २०७४ सालको निर्वाचनमा निर्वाचित भएको धनुषा क्षेत्र नम्बर ३ छाडेर सर्लाही क्षेत्र नम्बर २ बाट चुनाव लडेका पूर्वमन्त्री तथा लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतो पनि पराजित भएका छन। माओवादी केन्द्रको चुनाव चिह्न लिएर चुनाव लडेका नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्रराय यादव सो क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुँदा महतो दुई हजार ११ मतान्तरले पराजित भएका छन। महेन्द्र रायले २३ हजार पाँच सय २९ मत ल्याएर विजयी हुँदा महतो २१ हजार पाँच सय १८ मतमा सीमित भएका छन। यसअघि २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा पनि तत्कालिन सर्लाही क्षेत्र नम्बर ५ मा महतो महेन्द्र राय यादवसँगै पराजित भएका थिए। गत २०७४ सालको निर्वाचनमा धनुषा क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिलाई पराजित गरेर महतो सांसद भएका थिए। वर्तमान सरकारको खानेपानीमन्त्री तथा कांग्रेसका सहमहामन्त्री उमाकान्त चौधरी बारा क्षेत्र नम्बर १ मा पराजित भएका छन। जहाँ एमालेका अच्युतप्रसाद मैनाली ३९ हजार एक सय ९५ मत ल्याएर विजयी भएका छन। मन्त्री चौधरीले भने ३० हजार ५६ मत मात्र प्राप्त गरे। पूर्वमन्त्री तथा एमाले नेता एकबाल मियाँ बारा क्षेत्र नम्बर ४ मा नेकपा (एकीकृत समाजवादी)का नेता कृष्णकुमार श्रेष्ठसँग पराजित भएका छन। श्रेष्ठले ३० हजार तीन सय ४१ मत ल्याएर विजयी हुदाँ पूर्वमन्त्री मियाँ भने २० हजार तीन सय ३६ मत प्राप्त गरेका छन। यस्तै पूर्वमन्त्री तथा कांग्रेस नेता सुरेन्द्रप्रसाद चौधरी पर्सा क्षेत्र नम्बर ३ मा एमालेका राजकुमार गुप्तासँग पराजित भएका छन। निर्वाचित भएका एमालेका गुप्ताले २४ हजार तीन सय १९ मत ल्याउनुभयो भने चौधरीले २४ हजार एक सय ५२ मत ल्याए। चुनाव जितेर गएपछि नेताहरु जनतासँग गरेको वाचा बिर्सिने, नाताबाद, कृपावादमा रमाउने, विकास निर्माणमा ध्यान नदिने र सत्ता लिप्सामा लाग्ने गरेकाले सत्ता भोग गरिसकेका नेतालाई यसपटकको निर्वाचनमा मतदाताले पाखा लगाएको स्थानीय बुद्धिजीवीको भनाइ छ। चुनावका बेला मतदातालाई लोभ्याउन ठूला ठूला नारा दिने तर निर्वाचित भएपछि नेता बिर्सिने गरेका छन, राजविराज नगरपालिकाका स्थानीयवासी विजयानन्द झाले भने, त्यसैको परिणाम स्वरुप अहिले ठूला ठूला नेताहरूलाई मतदाताले अस्वीकार गरेको देखिन्छ। अब पनि नेताहरू नसुध्रिए उहाँहरूका लागि आगामी चुनावमा झन असहज हुने उनको कथन छ। यता यसरी चुनाव हारेका अधिकांश पूर्वमन्त्रीले पार्टी र गठबन्धनभित्रको घात अन्तरघातका कारण पराजय भएको बताएका छन्। अन्य कारणभन्दा पनि पार्टी र गठबन्धन दलभित्रको घात अन्तरघातका कारण जित्ने चुनाव पनि हारेको छु, माओवादी नेता तथा सिरहा क्षेत्र नम्बर ३ मा पराजित विश्वनाथ साहले भने, हाम्रो क्षेत्रमा गठबन्धनका मत बढी छ, त्यो जितको लागि पर्याप्त नै हो तर गठबन्धनमा आवद्ध दलका नेताको असहयोग र घात अन्तरघातले चुनाव गुमाए। यसको विषयमा हामी गम्भीर समीक्षा गर्छौं उनको भनाइ थियो।रासस

# समानुपातिक २१ लाख मतगणना

मधेशदृष्टि
जनकपुर, मंसिर १७।
मंसिर ४ गते सम्पन्नप्रतिनिधिसभा र प्रदेशसभासदस्इनिर्वाचनअन्तर्गत समानुपातिकतर्फ मधेस प्रदेशमा अहिलेसम्म कुल २० लाख ८६ हजार २९८ मतगणना गरिएको छ। आयोगका अनुसार हालसम्म गणना गरिएको मतअनुसार मधेस प्रदेशमा नेपाली कांग्रेसले ४ लाख १४४ मत प्राप्त गर्दा नेकपा एमालेले ३ लाख ५१ हजार ७६८ र जनमत पार्टीले ३ लाख २९ हजार १७७ मत प्राप्त गरेको छ। त्यस्तै, जनता समाजवादी पार्टी नेपालले २ लाख ९८ हजार ७७४, नेकपा माओवादी केन्द्रले १ लाख ८० हजार ८६० र नेकपा एकीकृत समाजवादी पार्टीले १ लाख १३ हजार ९१५ मत प्राप्त गरेका छन्।
आयोगको विवरणअनुसार लोकतान्त्रिक समाजवादी पार्टीले १ लाख १३ हजार ३६४, राष्ट्रिय प्रजातन्त्र पार्टीले ६५ हजार ५४, नेपाल संघीय समाजवादी पार्टीले ५० हजार १८८, नागरिक उन्मुक्ति पार्टीले ४९ हजार ७०५ र बहुजन एकता पार्टीले २० हजार ३२४ मत प्राप्त गरेका छन्। समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत मधेस प्रदेशमा कूल ३६ दल निर्वाचन प्रक्रियामा भाग लिएका थिए। त्यसमध्ये सबैभन्दा अन्तिममा रहेको बहुजन समाज पार्टीले ५४८ मत प्राप्त गरेको छ।

# सहरभन्दा ग्रामीण भेगका मतदाता बढी सजग

काठमाण्डौ, मंसिर १७
मतदान प्रक्रियामा सहभागी हुन र सही तरिकाले मतदान गर्न यहाँ सहरभन्दा ग्रामीण भेगका मतदाता बढी सजक देखिएका छन्।
हालै सम्पन्न भएको प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा खसेको मत सङ्ख्या र त्यसमा भेटिएको बदर मतको सङ्ख्याले सहरभन्दा ग्रामीण भेगका मतदाता बढी सजग रहेको पुष्टि गरेको छ। चार निर्वाचन क्षेत्र रहेको जिल्लाको क्षेत्र नं १ मा ६६ प्रतिशत मतदान हुँदा पाँच दशमलव शुन्य छ प्रतिशत मत बदर भएको छ भने क्षेत्र नं २ मा ६७ प्रतिशत मतदान हुँदा पाँच दशमलव दुई प्रतिशत मत बदर भएको छ। त्यसै क्षेत्र नं ३ मा ७१ प्रतिशत मतदान हुँदा चार दशमलव १२ प्रतिशत र क्षेत्र नं ४ मा ६९ प्रतिशत मतदान हुँदा तीन दशमलव ३८ प्रतिशत मत बदर भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। जिल्लाको सदरमुकामसमेतरहेकोवीरगन्ज महानगरपालिकाअन्तर्गत पर्ने क्षेत्र नं १ मा खसेको ५१ हजार दुई सय ११ मतमध्ये दुई हजार पाँच सय ९१ र क्षेत्र नं २ मा खसेको ५८ हजार पाँच सय ४७ मतमध्ये तीन हजार ४६ मत बदर भएको मुख्य निर्वाचन अधिकृत विनोदकुमार पोखरेलले जानकारी दिए।
उनले जिल्लाको ग्रामीण भेगमा पर्ने क्षेत्र नं ३ मा खसेको ६४ हजार तीन सय २४ मध्ये दुई हजार छ सय ५१ मत र क्षेत्र नं ४ मा खसेको ६२ हजार दुई सय १९ मध्ये दुई हजार एक सय तीन मत बदर भएको बताए।
विसं २०७४ मा सम्पन्न प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा १० दशमलव शुन्य नौ प्रतिशत मत बदर भएको तुलनामा यसपालिको निर्वाचनमा जिल्लाबाट कूल चार दशमलव चार प्रतिशत मात्र मत बदर भएको छ। मतदाता शिक्षालाई यसपालि निर्वाचन आयोगले प्राथमिकता दिएका कारण जिल्लामा बदर मतको सङ्ख्या कम देखिएको भए पनि सहरी क्षेत्रमा देखिएको बढ्दो बदर मतको सङ्ख्यालाई नियन्त्रण गर्न आयोगले विशेष रणनीति बनाउन आवश्यक देखिएको बताइन्छ। रासस

# कम्प्यूटरको युगमा मुलुक अगाडि  बढ्यो : सासद साह

मधेशदृष्टि
कलैया १७ मंसिर
नेकपा एमाले पार्टीबाट बारा निर्वाचन क्षेत्र नम्बर ३ बाट संघीय प्रतिनिधी सभामा निर्वाचित भएकी नवनिर्वाचित साँसद ज्वाला कुमारी साहले कम्पयूटरको युगमा मुलुक अगाडि बढी रहेको कुरामा जोड दिएकी छिन्।
कम्पयूटर एशोसिएशन नेपाल महासंघ बाराको ५ औं वार्षिक सधारणसभा सभा एवम जिल्ला अधिवेशनको कलैयामा उदघाटन गर्दै मुलुकको विकास र समृद्धिमा कम्प्यूटरको माध्यम सुचना एवम संचारले महत्व भुमिका खेलि रहेको बताउँदै मुलुकको हरेक काम अव कम्पयूटरको माध्यबाट गर्ने भएको हुँदा समयको बचत हुनुको साथसाथै दसताबेज पनि खोजेको समयमा तुरन्तै लिन सक्ने हिसावले कम्पयूटरले महत्वपुर्ण भुमिका खेलिरहेको बताईन। आइटीको जमानामा घरघरमा नेट, ईन्टरनेटको सुबिधा भएको कारणले घरमा नै बसी बसी संसारलाई हेर्ने सक्ने क्षमता पनि मान्छेहरुले राख्ने गरेको स्मरण गदै पूर्व मन्त्री समेत रहेकी साहले सकारात्मक रुपमा यस प्रविधिलाई सदुपयोग गर्न आग्रह गरिन।
आजकल आइटिका कारण केही विकृतिहरु पनि देखिएको चर्चा गर्दै विकृतिलाई निर्मुल पार्दे सभ्य समाजको निर्माणका लागि कम्पयूटरको भरपुर उपयोगमा लाग्नुपर्ने सुझाव दिईन। फरक प्रसंगमा साँसद साहले निर्वाचन क्षेत्र नम्बर ३ मा रहेको मटियर्वा छोटी भंसारलाई स्तर उन्ती गर्न एवम चाडै खुलाउनका लागि पहल गर्ने प्रतिवद्धता समेत ब्यक्त गरिन। मानमत मटियर्वा सडकखण्डको कलैया स्थित रहेको सस्कार एफएम देखि रंगपुर चोक सम्मको बाटो पिच गर्ने काममा पुर्ण तदारुकता साथ लाग्ने जानकारी गराईन। युवाहरु दिनानुदिन विदेशिनु परेको हुँदा तिनीहरुको रोजगारीको ग्यारेन्टी नेपालमा नै गराउनेतिर साँसद मार्फत सरकारको ध्यानआर्कषन गराउने कुरामा आफु नचुक्ने जानकारी दिदै पुर्व मन्त्री समेत रहेकी साहले किसानहरुको लागि सहज र सुलभ रुपमा मलखाद, बिउविजन उपलब्ध गराउनेतिर पनि मेरो पहलकदमी रहने बचनवद्धता ब्यक्त गरेकी थिईन। अर्थतन्त्र दिनानुदिन खस्किदै गईरहेको हुँदा अर्थतन्त्रलाई मजबुत बनाउन एवम उधोगी ब्यापारीहरुको सुरक्षा एवम ब्यापारलाई कसरी पहिलाको अवस्थामा ल्याउन सकिन्छ त्यस बिषयमा गहनरुपले सम्बन्धीत निकायहरुसंग छलफल गरि अगाडी बढने बताईन।



गणेश ठाकुरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला निर्वाचन कार्यालयका प्रमुख सरोज चौधरी, क्यानका केन्द्रीय सचिव भुपालदास श्रेष्ठ, जिल्ला सचिव संजय केसरी लगायतले आफनो बिचार ब्यक्त गरेका थिए। यसैबिच अधिवेशनले संजय केसरीको अध्यक्षतामा नयाँ समिति सर्वसहमतबाट चयन गरेको छ। समितिको उपाध्यक्षमा अरुण कुमार साह, सचिवमा बिनोद प्रसाद साह, सहसचिवमा सुरेश यादव, कोषाअध्यक्ष दिपक गुप्ता र सदस्यहरुमा लक्ष्मन चौधरी, ममता चौधरी चयन भएका छन्।

## सम्पादकीय

# महासेठ, आन्दोलन स्थायी कमिटी र केन्द्रीय समितिमा गरौं

आम निर्वाचन सकिएको छ । दलका नेताहरु तै पनि फूर्सदमा दैखिदैनन् । राजधानीमा सरकार बनाउने रणनीतिहरु जारी छन् । यता प्रदेशहरुका पनि गठबन्धनका समीकरणहरु बन्ने क्रममा छन् । लोकतन्त्रमा नियमित प्रक्रिया हो,निर्वाचन । निर्वाचन पछि जनताको अभिमत अनुसार सरकार चलाउनु र प्रतिपक्षमा बस्नु पर्दछ । यहीँ हो राजनीतिक संस्कार । हामी राजनीति गरेको भन्छौं तर, राजनीतिको धज्जी उडाउन उद्यत भै रहेका त छैनौं ? ठण्डा मानसिकताले सोचौं ।

अहिले के भैरहेको छ त ? कोही जितेको खुसीमा चाँदीका मुकुट लगाउँदै छन् । कोही तराजुमा जोखिदैं छन् एकातिर आफू अर्को तर्फ लड्डु राखेर । २,३ जना मानिसले बल गरेर उठाउनुपर्ने माला पहिरिएर फोटो खिच्नेहरु छन्। प्रचार चाहिएको नेताहरुलाई । नेताको आमने सामने बसेर फोटो खिच्ने र पोस्ट गर्ने 'कार्यकर्ता'हरु झन सक्रिय छन् । जित्नेहरुले खुसियाली मनाउँने हो । अबिर जात्रा गर्ने हो । तर, नेतालाई लड्डु चढाउने र त्यँही लड्डु प्रसाद मानेर सबैले खाने । अर्थात, हामी नेताहरुलाई भगवान बनाउने उद्योग गर्देछौं । राजनीतिमा त जनतालाई पो जनार्दन भनिन्छ। चित्रकलाका पारखीहरु नग्नतामा पनि कला देख्छन्, कुँची चलाउँछन् ।फोटाग्राफरहरुले क्लिक गर्छन् । कलाविहीन नग्नता भद्धा हुन्छ, कला हुँदैन लाजमर्दो हुन्छ । हाम्रा राजनीतिज्ञ भन्नेहरु कला विहीन नाटक गर्न सिपालु देखिन्छन् । त्यस्तै प्रहसन भैरहेको छ जतातत्तै ।

जनकपुरमा मंचन भएको यस्तै एउटा प्रहसनहरुको चर्चा गरौं । धुनषा ४ बाट निर्वाचित एमालेका एमालेका सचिव एवं धनुषा ४ बाट नवनिर्वाचित प्रतिनिधि सभा सदस्य रघुवीर महासेठले सरकार बनेको तीन महिनाभित्र जन्मसिद्ध नागरिकका छोराछोरीहरुले नागरिकता नपाए मधेशभरि नै आन्दोलन गर्ने चेतावनी दिएका छन् । पत्रकार सम्मेलन गरेर महासेठले उठाएको यो विषयले समाजमा चलेको एउटा भनाईको पुष्टि गर्दछ । त्यो भनेको हजार पटक झुट दोहोऱ्यायो भने त्यो सत्य सावित हुन्छ । एमालेका जिम्मेवार नेताले नागरिकताको विषयमा आफूलाई पानी मुनिको ओभानो जस्तो देखाउँन खोज्छन् भने त्यो झूठलाई सत्य बनाउने अभ्यास हो भनेर मान्नुपर्ने हुन्छ ।

नेपाली नागरिकका सन्तानले नागरिकता पाउँनुपर्दछ, त्यसमा कुनै तर्क विकर्तको आवश्यकता छैन ।र, राजनीतिक रंग दिनपनि पर्देन । रघुवीरहरु जस्ता पार्टीको जिम्मेवारीमा बसेकाहरुले जनता उराल्न आन्दोलनको धम्की दिने भन्दा एमाले पार्टीमा जमेको अन्ध राष्ट्रवाद अलिकतिमात्र पखाल्न सकेपनि यो मुलुकले धेरै राहत पाउँने थियो ।

नागरिकतामा मामलामा मुलुक विभाजित छ ।नागरिकतालाई राष्ट्रवादी दृष्टिकोणले ग्रहण गर्ने प्रचलनले दिमाग तातेका छन् धेरैका । तातेका दिमागमा तर्कहरुले काम गर्देनन् । पछिल्लो समय नागरिकता शितल निवास पुगेर किन अड्कियो ? संसदीय लोकतन्त्रमा राष्ट्रपति अधिनायकवादी भएकोमा यहाँ चिन्ता छैन । अनर्गल प्रचार गरेर रमाउनेहरुको कमी छैन हामीकहाँ । भनिदैंछ, विदेशबाट विवाह गरेर ल्याएकी नारी जो श्रीमती, बुहारीको भूमिकामा आएकी हुन्छिन् । उनी राष्ट्रका लागि खतरा हुन्छिन रे ? उनलाई परिक्षणमा राख्नुपर्दछ रे ? वैवाहिक अंगिकृत नागरिकता पाउँने हुन् ती नारीले । जो राजनीतिको उच्च पदमा जान पाउँदैनन् । तर, हामीकहाँ बहस चलेका छ, तत्काल दिनु हुँदैन । आफ्नो देशको नागरिकता त्यागेर नेपालको लिन चाहन्छिन भने समय सीमाको कुरा राखिनु हुँदैन । समय बद्लियो । काठमाडौंका आँखाले पारीबाट नेपालका देहातमा बुहारी हुनेहरुको लर्को लाग्दछ भन्ने जुन मानसिकता छ, त्यसमा परिवर्तन आवश्क छ । हिजो जस्तो छैन आजकल । अहिलेका नारी पढेलेखेका छन् । आफै केही गरौं भन्ने छन् । उनीहरुलाई जागिर खाने चाहना हुनसक्छ, उद्यमी बन्ने योजना हुनसक्छ । चार दिवार भित्र कैद भएर बस्न चाहदैंन अहिलेको पुस्ता । चाहे उनीहरु विहारका हुन्, जनकपुर वा काठमाडौंका। उनीहरु आफ्नो खुट्टामा उभिन चाहन्छन् । फूक्काफाँल भएर बाँच्न चाहन्छ अहिलेको पुस्ता । उनीहरुका आकाक्षालाई निषेध नगरौं ।

परिवार भनेको देशको एउटा सानो इकाई हो । अपवाद वाहेक अधिकांश नारीले परिवारलाई सम्हालेर राखेको हुन्छन् । त्यस्तो जिम्मेवार सदस्य कसरी राष्ट्र विरोधी हुनसक्छ? नेपाल कसरी फिजी हुनसक्छ ? गंभिर बनौं । नागरिकता समस्या होइन, नागरिकतबारेको सोच र मानसिकता समस्या हो ।महासेठहरुले भन्न सक्नुपर्दछ– हिजो जे जस्तो भयो भयो, अब प्रतिपक्षमा बसेर भएपनि नागरिकता विधेयक पास गर्छौं ।

के देखिन्छ भने समस्या महासेठहरु होइनन्,महासेठका महामनाहरुमा छ जो नागरिकतालाई राजनीति मसला बनाउन चाहन्छन् । त्यसैले आन्दोलनको धम्की सुहाउँदैन् जनताका प्रतिनिधिलाई । आन्दोलन र चेनावनी स्थायी कमिटी र केन्द्रीय समितिमा गर्नुपर्ने टड्कारो छ । अब विरोध होइन, रोष्टममा उभिएर नागरिकता विधेयक पास गर्ने भूमिका खेल्नुपर्दछ महासेठहरुले । तीन महिना पछि आन्दोलन गर्न होइन, जनतामाझ खुसियाली बाँडन आउँने वातावरण बनाउन सक्नुपर्दछ ।

कबीरा खडा बाजार

# रवीश कुमार जिन्दाबाद



– चन्द्रकिशोर

भारतीय मीडियामा रूचि राख्नेहरू यतिखेर पत्रकार रवीश कुमारको प्रकरणसंग अवगत भएकै हुनुपर्छ । भारतको एक टेलीविजन छ - एनडीटीवी। पत्रकार रवीश कुमार त्यसमा उच्च पदमा आबध्द थिए ।तर उनले यसै साता त्यसलाई परित्याग गरेका छन् । कोही पत्रकार कुनै संस्था विशेषमा संलग्न रहनु वा नरहनु सामान्य प्रक्रिया हो । तर रवीशको एनडीटीवी छाड्नुलाई भारतीय मिडियामा चानचुने घटना मानिएको छैन । यसको पक्ष र विपक्षमा कुराहरू उठन थालेको छ ।

रवीशले एनडीटीवी त्यतिखेर छाड्ने निर्णय गरे जब भारतीय सत्ता प्रतिष्ठान संग नजिक मानिएका अडानी समूहले त्यसलाई किने। एनडीटीवी माथि भारतीय सरकार - कर्पोरेट गठबंधनको कब्जा भएको मान्नेहरू कम छैनन्। भारतीय जनतंत्रमा सत्यको आवाजका एक प्रतीक मानिन थालिएका रवीश कार्यरत संस्था किनेर उनको पत्रकारिताको घांटी थिच्ने उपक्रमको एक निर्मम र निकृष्ट प्रदर्शन यसलाई बताईएको हो ।

रवीश एक एकंर मात्र थिएन उनी भारतीय परिवेशमा प्रतिरोध र प्रतिवादको आवाज बनेर खडा भएका छन् । एक पत्रकारका रूपमा उनको कड़ा मिहिनेत, प्रस्तुत गर्न खोजेको विषयमाथि गहन छानबीन, तथ्य प्रति उच्च संवेदनशीलता, शब्द छनौटमा बेजोड़को दखल, विषयलाई फराकिलो क्यानवासमा प्रस्तुत गर्ने तत्परताले गर्दा उनले पत्रकारिताको ती श्रेष्ठ मानकहरूलाई मूर्त गरेका थिए जसले उनलाई भारत भित्र मात्र होईन अन्तराष्ट्रिय छवि दियो ।तर रवीशले देखाएको पत्रकारिता धर्मलाई त्यहांको सरकारले मन पराएन।

हामीलाई थाहा छ, सत्यलाई थिच्ने जतिसुकै कोशिश गरिन्छ, सत्य सधै नयां नयां रूप र ढंगबाट अगाडि आउने बाटो खोजी नै हाल्छ। त्यो दमनको प्रत्येक कोशिशहरूको माझबाट झन् बढि चम्किलो भएर प्रकट हुन्छ। त्यो आफ्नो अनुपस्थितिमा समेत उपस्थित रहन्छ। मौकाको प्रतिक्षा रहन्छ। त्यो ओझेलमा रहिरहन सक्दैन। त्यो लक्षणहरुमा होइन, ठोस रूपमा प्रकट हुन्छ। सत्यको संभावनाको कुनै अंत हुदैन। यसैले यतिखेर रवीशका बारेमा भनिन थालिएको छ , रवीशको संभावनाको पनि कुनै अंत छैन। एनडीटीवी परित्याग गरेर हिड्दैमा उनको पत्रकारितामा विराम लाग्दैन। उनी फेरि फेरि अझ चम्किलो र जोशिलो भएर देखा पर्नेछ ।

एनडीटीवीमा पहिला प्रणय रांय र राधिका रांयको स्वामित्व थियो । जहां रवीश कुमार झण्डै तीन दशक देखि निरंतर उक्लिदै आफ्नो पहिचान स्थापित गर्दै आए । रवीश संगै एनडीटीवीको समानांतर पहिचान र प्रतिष्ठा उक्लियो । तर त्यो एनडीटीवी अडानी समूहको कब्जामा पुग्यो । अडानी समूहले जसरी ूमिसन एनडीटीवी सफल पाऱ्यो त्यसलाई कार्पोरेटका क्षेत्रमा शत्रुतापूर्ण अधिग्रहण मानिन्छ। जब कुनै सत्ता प्रतिष्ठान सत्यलाई सुन्न चाहदैन। सत्य बोल्नेलाई देख्न चाहदैन तब ऊ स्वतंत्र आवाज़लाई कुल्चिन खोज्छ । सत्य प्रकाशमा ल्याउने पत्रकारलाई किन्न खोज्छ, दबाब दिन खोज्दछ , ऊ अध्द संस्थाबाट उसको रोजगारी खोस्छ , त्यो पनि नसके कुनै निष्ठावान पत्रकार आबध्द संस्थालाई नै किन्छ, यतिखेर रवीश र एनडीटीवीको सन्दर्भमा यहीँ भएको हो ।

पत्रकार जनपक्षधर हुनु पर्दछ। ऊ सत्य र न्यायको पक्षमा उभिनु पर्दछ। प्रत्येक पत्रकारको जीवनमा यस्तो समय आंउछ जब कुनै न कुनै प्रकारको सत्ताले उसलाई किन्न खोज्छ । त्यतिखेर उसले निर्णय लिनु पर्ने हुन्छ - कुन बाटो रोज्ने । एनडीटीवी बिक्री भयो तर एक स्वाभिमानी पत्रकार रवीशले आफुलाई बिक्रीमा राखेनन् । यसैले रवीश कुमारको जयगान भारत बाहिर पनि हुंदैछ ।

रवीश कुमार हाम्रै सीमावर्ती भारतीय राज्य बिहारको चम्पारणका हुन्। वीरगंजबाट ५०-५५ किमीको दूरीमा उनको पैतृक गांऊ छ । आज पनि आफ्नो गांऊसंग तिनको आवत जावत कायम छ । उनी एनडीटीवीमा समूह संपादक थिए। एनडीटीवीमा हम लोग, रवीश की रिपोर्ट, प्राइम टाइम शो, देस की बात जस्ता लोकप्रिय कार्यक्रमहरूको उनी होस्ट गरेर चर्चा र प्रशंसाको शीखरमा उक्लिएका हुन् । उनले इश्क में शहर होना, देखते रहिए, रवीशपन्ती, द फ्री भ्वाइस - आंन डेमोक्रेसी, कल्चर एंडद नेशन, बोलना ही है जस्ता पुस्तक लेखेका छन् । उनलाई एशियामै पत्रकारिताका उच्च सम्मान २०१९को रेमन मैग्सेसे पुरस्कार प्रदान गरिंदा भनिएको थियो कि उनले गरीबहरूको आवाज सार्वजनिक मंचमा उठाए। भारतीय पत्रकारिताका शिखर सम्मानहरू गणेश शंकर विद्यार्थी पुरस्कार २०१०, रामनाथ गोयन्का अवार्ड, कुलदीप नैयर पुरस्कारहरू उनको झोलामा छन् ।

रवीश एनडीटीवी छाडेर चटक्क राजनीतिमा आउन सक्थे। भारतका अनेकौ विपक्षी दलहरूले उनलाई ल्याउँने कोशिश नगरेका होईनन। तर उनी पत्रकारिता मै रमाउन चाहन्छन् । आजको भारतीय पत्रकारितामा उनी ब्रांड भैसकेका छन् । उनी डिजिटल मीडिया मार्फत आफ्नो प्रस्तुति शुरू गरिसकेका छन् । भारतमै पनि अंग्रेजी माध्यम पत्रकारिताको बोलबाला थियो । रवाफ र हैकम थियो। रवीश कुमारले हिंदी माध्यमको पत्रकारितामा उंचाई थपे, प्रतिष्ठा अर्जित गरे । भाषा भन्दा पनि तपाईले प्रस्तुत गर्ने तथ्य र तर्क प्राथमिक पक्ष हो । वस्तुपरक प्रस्तुतिले प्रस्तोताको विश्वसनीयता बढाउँछ । त्यसपश्चात जनसाधारण नै सूचनाका अवैतनिक स्रोत बन्छन् । पत्रकारका लागि उसको छवि महत्वपूर्ण हो। उं सत्ता समक्ष दण्डवत हुन्छ कि प्रश्न गर्छ । सत्ताको विरोध नै गर्नुपर्छ भन्ने छैन उसका असल कामहरूको प्रस्तुति गरिदिनु पर्छ। तर तपाई पत्रकार सत्तालाई प्रश्न गर्न छाडेर केवल तारिफ गर्न मै रमाउनु भयो भने तपाईको पत्रकारिता मर्छ । रवीश कुमार जिंदाबाद! नेपाली पत्रकारितामा भन्नु पर्ने खास कारण हो। उनी हाम्रा निकट छिमेकीका बासिंदा हुन त्यो भएर पनि होईन। उनी भारतीय संस्थापनक आलोचक हुन् त्यस कारणले पनि होईन। हाम्रा आफ्नै परिवेश र पृष्ठभूमि छ। आज पत्रकार कहलाउनेहरूको भीड बाक्लिएको छ । माध्यमहरूमा विविधता आएको छ।

प्रविधिमाथिको पहुंच सहज भएको छ । संगै यो विचारणीय छ - मिडियामा लगानी गर्न को तम्सिएको छ ? लगानीकर्ताहरूले संपादकको स्वतंत्रतालाई कत्तिको प्राथमिकतामा राखेका छन ? हामी पत्रकारहरू जनपक्षधर छौ कि दलपक्षधर?हामी पत्रकारिता गर्दैछौ कि दलाली ?अहिले नेपाली समाजमा धार्मिक, राजनीतिक, आर्थिक, सामाजिक संत्ता प्रतिष्ठानहरू उदाएका छन, तिनको हित साधनको माध्यम मिडिया बन्दै त गएको छैन? मिडियाले कसको सेवा गर्दैछ ? को शक्तिशाली बनेका छन? नेपालमा बहु तहको सरकार छ । प्रदेश र पालिका सरकार अस्तित्व आएको छ। जो संग स्रोतको कुमी छैन । संचारकर्मीहरू समक्ष पत्रकारिता ईतरका अवसरहरु ब्याप्त छ ।

बहु तहको सरकार हुनु पत्रकारिताका लागि हांक र हौसला दुवै हो । तर अहिले तपाई कुनै शहर विशेषको अखवार पढ्नुस त्यसमा खबर छ तर सूचना छैन। त्यस शहर विशेषको वास्तविक स्थिति बुझ्न बहु माध्यम प्रयोग गर्नु पर्ने अवस्था छ । संचार माध्यममा जे पस्किएको छ त्यो उसको लगानीकर्ताले रोजेको, चाहेको, खोजेको सामग्री मात्र हो । आम जनमा सूचनाको भोक जगाउने , सूचनाहरूको सम्यक विश्लेषण गर्ने, लोकतांत्रिक जनमत बनाउने काम थोरै भईरहेको छ । प्रश्नोत्तर कार्यक्रमहरू त छ तर सत्ता विशेषलाई चिमोट्ने प्रश्नहरूको अभाव छ। बेलगाम सरकारहरूलाई उत्तरदायी बनाउने रिपोर्टहरूको कमी छ । सत्तालाई रिझाउने सामग्रीहरू प्रस्तुत गर्ने आंतरिक प्रतिस्पर्धा छ मिडिया प्रतिष्ठानहरू माझ । जहां समस्या हुन्छ त्यही संभावना हुन्छ । रवीश कुमार भारतीय राज्य बिहारको एउटा पिछडिएको गांउबाट उठेका हुन् । एउटा साधारण परिवार बाट निस्किएर

असाधारण ख्याति आर्जनका पछाडि उनको संवेदनशीलता, सृजनशीलता, साहस, समर्पित कार्यशैली, स्वाभाविक स्वाभिमानी, साधारण मान्छे समक्ष विनम्र तर सत्तालाई प्रश्न गर्ने मामिलामा निडर जस्ता गुण आफुभित्र विकसित गरेकै कारणले उनी यो उचाई पाएका हुन् ।

रवीश कुमार एकदिनमा निर्माण भएका होईन, कठोर साधनाका प्रतिफल हुन । मधेश प्रदेशको पत्रकारितामा नयां मानक बनाउने, नयां पहिचान खोज्ने अवसर हामी तपाईसंग छ । अवसरको पहिचान गर्ने र त्यो अनुसारको शीप र खूबी आफैमा विकास गर्ने इच्छाशक्ति हुनुपर्छ ।

वसीम बरेलवीको पंक्ति छ, 'जहां रहेगा रोशनी लुटाएगा, किसी चिराग का अपना मकान नहीं होता । तपाई हामी जहां रहौ, जुन संचार माध्यम संग आबध्द रहौं समाजमा उज्यालो छर्ने कोशिश गरौं ।

# आगामी संसद्को कार्यभार



– एकराज पाठक

भनिन्छ, संसदीय व्यवस्थामा राजनीतिक दलहरु सकभर संसद् बाहिरैको अँगेनामा खानेकुरा पकाउने प्रयत्न गर्छन् । यसको अर्थ हो उनीहरु दलीय क्रियाकलाप या राष्ट्रिय मुद्दामै पनि सकेसम्म संसद्को सहारा लिन चाहँदैनन् । बरु संसद्लाई आफूले बाहिरै पकाएको खानेकुरा पस्किने या भाग लगाउने थलोका रुपमा प्रयोग गर्ने ध्येय दलको हुन्छ ।

हाम्रा पनि विगतका कैयौं दृष्टान्तले यो वास्तविकताको पुष्टि गर्न मद्दत पुग्नेछ । कुनै दलको आन्तरिकभन्दा पनि दलीय द्वन्द्व या मुद्दाको समाधान संसद्बाटै निकाल्न सकिने प्रयासमा दलहरु कमै मात्र लाग्ने गरेका छन् । यस्ता विषय उनीहरु संसदमा ल्याउँदैनन् र अन्यत्रै आन्तरिक छलफल गर्छन् । संसद बहस र पैरवी कम होस् भन्ने चाहन्छन् र पास या फेल गर्नुपर्ने संसद्को बाध्यात्मक प्रयोजन पूर्तिका लागि मात्र त्यहाँ प्रवेश गराउँछन् । विगतमा मुलुकका राष्ट्रिय मुद्दामा संसद के-कति छलफल र बहस भयो भनेर खोज्ने हो भने जवाफ भेट्न गाह्रो छैन ।संसद व्यापक छलफल या पैरवी हुनुपर्ने कैयौं राष्ट्रिय महत्वका विषय तिनको वैधानिक विधिका लागि मात्र संसद् प्रवेश गरेबाट नै यसको पुष्टि हुन्छ ।

संसद बहुमत प्राप्त कुनै राजनीतिक दलले कानुन निर्माणको मुख्य थलो संसद लाहाछाप लगाउनका लागि मात्र यस्ता मुद्दा संसद् प्रवेश गराउने र ती विषयमा त्यहाँ व्यापक र आवश्यकमात्रामा छलफल नहुने गरेको नेपालको संसदीय अभ्यासमा यो प्रवृत्ति देख्न सकिन्छ । त्यसैले नेपालमा यस्तो प्रवृत्ति नबढोस् र नेपाली जनता र राष्ट्रिय मुद्दामा संसद नै आवश्यक छलफल होस् भन्ने विषयलाई आगामी संसद्ले आफ्नो कार्यभारका रुपमा लिनुपर्ने देखिन्छ ।

### विपक्षीको सत्ता संसद्

संसद्लाई विपक्षी दलको सत्ताका रुपमा स्वीकारिन्छ । जुनसुकै प्रजातान्त्रिक मुलुकको मान्यता यही हो । यहाँ विपक्षीका आवाज बुलन्द हुन्छन् र त्यो आवाज सत्ताले स्पष्ट सुन्नुपर्छ । त्यसैले संसद सरकारका मन्त्रीहरुको उपस्थितिलाई अनिवार्य मानिएको हुन्छ । सके सबै र नसके कुनै न कुनै मन्त्री संसद उपस्थित हुनुपर्ने व्यवस्था छ । किनभने मन्त्रीहरुले नै संसद्का विपक्षी आवाजलाई सरकारसमक्ष पुऱ्याउने गर्दछन् । सरकारप्रति या देशका विषयमा विपक्षी दलहरुले के कुरा या माग राखे भन्ने कुरा उनीहरुले सरकारसमक्ष पुऱ्याउँछन् र त्यस विषयमा सरकारले आवश्यक कारबाही अघि बढाउँछ । अनि विपक्षीले जनताका कुरा राखे राखेनन् या संसद राखेका कुरा मन्त्रीले सरकारसम्म पुऱ्याए, पुऱ्याएनन् भन्ने कुराको निगरानी मिडियाले गर्छ । त्यसैले हरेक प्रजातान्त्रिक देशको संसद मिडिया पनि उपस्थित हुन्छ । सरकार र संसद्का काम कारबाही मात्र नभएर सरकार र दलका क्रियाकलापको पनि मिडियाले चनाखो भई निगरानी गरेको हुन्छ । यसकारण मिडियालाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका पछिको चौथो अङ्गका रुपमा स्वीकारिएको हो । यसरी संसद् भित्रका सांसदका क्रियाकलाप पारदर्शीरुपमा बाहिर आउने गर्दछन् । संसद् जनताका मुद्दा उठाउने र मुलुकका लागि कानुन बनाउने सार्वजनिक ठाउँ भएकाले संसद्भित्र विधायकका क्रियाकलापलाई मिडियाले बढी नै चासोका साथ हेरेको हुन्छ । संसद् प्रति नागरिकको चासो पनि अरु निकायमाभन्दा बढी नै देखिन्छ । संसद् सरकार निर्माण गर्ने निकाय भएकाले आफूले बनाएको सरकारले सही ढङ्गले काम गऱ्यो या गरेन भनेर संसद्ले निगरानी गर्नुपर्छ ।

संसद यो काम विपक्षी दलका सांसदको मात्र नभएर सत्तापक्षको पनि हो । सरकारका कामको निगरानी तथा सन्तुलत र नियन्त्रण (चेक एण्ड ब्यालेन्स) गर्न सक्यो भने मात्र त्यो संसद्ले असल संसदीय अभ्यास गरेको प्रमाणित हुन्छ । अन्यथा त्यस देशको संसद् जनताका मुद्दा तथा राष्ट्रिय सरोकारका विषयभन्दा पनि सरकार बनाउने र ढाल्ने अनि अर्को सरकार बनाउनेमा मात्र सीमित हुनेछ । अबको अर्थात् आगामी संसद् विगतकै र यस्तै परम्परावादी संसद् नबनोस् भन्ने यो आलेखको आशय हो । यतिबेला पहिलेकोभन्दा जनता र राष्ट्रका मुद्दा बग्रेल्ती थुप्रिएकाले पनि आगामी संसद्ले परम्परामात्र नधानोस् भन्ने चाह आफूलाई चुन्ने आम मतदाताको रहेकामा सांसदहरु जानकार हुनु जरुरी छ । यो पनि आगामी संसद्को अर्को एउटा कार्यभार हो ।

### द्वन्द्व समाधानको थलो

कुनै पनि देशको निर्वाचन द्वन्द्व समाधानको प्रक्रिया हो भने संसद् त्यसको थलो । हिजो हामीले सम्पन्न गरेका कैयौं निर्वाचनको मक्सद विश्लेषण गर्दा यो स्पष्ट हुन्छ । जस्तो कि विसं २०३६ को जनमत सङ्ग्रह त्यस समय नेपालमा पञ्चायती व्यवस्था या बहुदलीय व्यवस्था कायम गर्ने भन्नेबारेमा गरिएको थियो ।

यही विषयमा जनमत सङ्ग्रह आवश्यक किन पऱ्यो त ? त्यसको करिब २० वर्षअघि राजा महेन्द्रले मुलुकको पहिलो जननिर्वाचित सरकारलाई अपदस्थ गरेर जबर्जस्तरुपमा पञ्चायती व्यवस्थाको घोषणा गरेका थिए । तर नेपाली कांग्रेससहित राजनीतिक दलले भने बहुदलीय अर्थात् प्रजातान्त्रिक व्यवस्थाको माग गरेर भूमिगतरुपमा नै आफ्ना क्रियाकलाप जारी राखेका थिए । मुलुकमा प्रजातन्त्रको माग सरकारले थेग्नसक्ने अवस्था नरहेपछि यो प्रस्ताव सरकारबाटै आयो । जनमत सङ्ग्रह भयो, पञ्चायती व्यवस्थाले जित्यो ।

निर्वाचन के कसरी गरियो र त्यसको निष्पक्षता र विधि के थियो भन्ने विषयलाई यो आलेखमा प्रष्ट्याउन गाह्रो पर्दछ । त्यस्तै के त्यो निर्वाचनले त्यसबेलाको सत्ताको समस्या समाधान गर्न सक्यो या द्वन्द्वको समाधान भयो त ? यो प्रश्नको जवाफ पनि यो आलेखको आशय होइन । तर यहाँ के मात्र भन्न सकिन्छ भने पञ्चायती व्यवस्थाले त्यसबेला कम्तीमा १० वर्ष आयु लम्ब्यायो । त्यो जनमत सङ्ग्रहले मुलुकको समस्याको दिगो समाधान या तत्कालको द्वन्द्व समाधान नभए पनि मत्थर पार्ने प्रयत्न भने गऱ्यो । पञ्चायत र बहुदलीय व्यवस्था दुवैले जिते । पञ्चायतले आफ्ना पक्षमा बहुमत पाएको प्रचार गऱ्यो भने यता बिपी कोइरालाजस्ता नेताहरुले पनि व्यवस्थाले धाँधलीरहित निर्वाचन गर्न नसके पनि बहुसङ्ख्यक नेपालीले आफ्ना एजेण्डालाई अनुमोदन गरेको महसुस गरे । बहुसङ्ख्यक नेपाली जनताले जनमत सङ्ग्रहका माध्यमबाट मुलुकमा बहुदलीय व्यवस्थाको मागलाई अनुमोदन गरेका बहुदलीय नेताहरुले बताए । नेपालमा सम्पन्न संविधानसभा निर्वाचन द्वन्द्व समाधानका लागि गरिएको अर्को एउटा निर्वाचन थियो । एक दशकदेखि जारी माओवादी सशस्त्र द्वन्द्वको समाधानका लागि अघि सारिएको एक निकास निर्वाचन थियो । यही निर्वाचन गर्ने सर्तमा माओवादीले १० वर्षे द्वन्द्वको अन्त्यको घोषणा गरे र हतियार र सेनाको व्यवस्थापन गरेर शान्ति प्रक्रियामा आए । संविधानसभा निर्वाचनमा सहभागी उनीहरु सत्तामै पुगे र आफ्नै हातले आफ्ना हतियार र सेनाको व्यवस्थापन गरेर दिगो शान्तिको मार्गमा अघि बढे । सायद द्वन्द्व समाधानको यस्तो सफल उदाहरण संसारमा विरलै भेटिएला । विश्वमा द्वन्द्व विषयका शोधार्थी, विद्यार्थी तथा अनुसन्धान दाताका लागि हाम्रो यो मोडल एक उत्कृष्ट उदाहरण हुनसक्छ । एक दशकदेखि हजारौं नागरिकको ज्यान लिएको र आर्थिक सामाजिकरुपमा देशलाई शिथिल बनाएको द्वन्द्वको समाधान संविधानसभा निर्वाचनपछि मात्र सम्भव भयो । जनमतमा कति तागत छ, निर्वाचनको कति महत्व छ भन्ने तथ्य हाम्रै माटोका यी दुई दृष्टान्तले पनि पुष्टि गर्दछन् । त्यसैले आगामी संसद्को कार्यभार मुलुकको द्वन्द्व समाधान पनि हो भनेर बुझ्नु जरुरी छ । हामीकहाँ अहिले हतियारको द्वन्द्व छैन, त्यस्तो विवादको व्यवस्थापन गर्नुपर्ने दायित्व यो संसद्को काँधमा पनि छैन ।

तर मानवीय द्वन्द्व अन्त्यहीन छ भनेर भने बिर्सनु हुँदैन । कार्लमार्क्सको सिद्धान्त जस्तै जबसम्म मानिसका बीचमा वर्ग रहन्छ त्यतिञ्जेल द्वन्द्व कायमै रहन्छ । त्यसैले आइपरेमा त्यस्तो द्वन्द्वको समाधान एवं यतिमात्र नभएर कुनै पनि प्रकारका द्वन्द्व उत्पन्न हुनेगरी कानुनको निर्माण नगर्नु पनि द्वन्द्वको समाधान हो । त्यसैले यसका लागि संसद्लाई जनताको आवाज गुञ्जिने थलोका रुपमा प्रयोग गरिनुपर्छ । जुन देशको संसद बढीभन्दा बढी जनताका आवाज गुञ्जिन्छन् र जनताका आवाजको सुनुवाइ हुनसक्छ ती देशमा आन्दोलन, हिंसा या सडक सङ्घर्ष पनि कमै मात्र हुने गर्दछ ।

*क्रमसः बाँकी पृष्ठ ६ मा*



माछा मार्दै स्थानीय बासिन्दा सुनसरीको भोक्राहा नरसिंह गाउँपालिकामा माछा मार्दै स्थानीय बासिन्दा । *तस्बिर : नवीन गड्तौला/रासस*

# आयल निगमले घटाएन पेट्रोलियम पदार्थको मूल्य

काठमाण्डौ,मंसिर १७
भारतबाट पेट्रोलियम पदार्थको मूल्य घटेर आए पनि नेपाल आयल निगमले मूल्य नघटाउने जनाएको छ । निगम हाल रु २७ अर्ब घाटामा रहेकाले मूल्य समायोजन नगर्ने भएको हो । निगमले शुक्रबार एक विज्ञप्ति जारी गर्दै अन्तर र्राष्ट्रिय बजारमा प्रशोधित पेट्रोलियम पदार्थको मूल्यमा आएको उतारचढावले विगत लामो समयदेखि नोक्सानीमा सञ्चालन हुँदै आएको उल्लेख गरेको छ । इन्डियन आयल कर्पोरेशन लिमिटेडबाट यही १५ मङ्सिरमा प्राप्त खरिद मूल्यअनुसार एलपी ग्यासको मूल्य केही बढेको छ भने पेट्रोल, डिजेल, हवाई इन्धन र मट्टितेलमा केही घटेर आएको छ । मङ्सिर १५ गते पाएको खरिद मूल्यसूचीबमोजिम एलपी ग्यासमा प्रतिसिलिण्डर रु ४३.९३ ले बढेर आएको छ । एलपी ग्यासमा निगमलाई हाल प्रतिसिलिन्डर रु दुई सय ७७.०२ घाटा भइरहेको छ, विज्ञप्तिमा भनिएको छ, निगमले इन्डियन आयल कर्पोरेशनलाई हालसम्म तिर्न बाँकी रकम, पुरानो बक्यौता तथा नेपाल सरकारलाई तिर्नुपर्ने ऋणसमेत गरी करिब रु २७ अर्ब तिर्न बाँकी छ । ग्यास सिलिन्डर बिक्रीबाट मात्र निगमलाई १५ दिनमा रु ३६ करोड ८५ लाख घाटा हुने देखिएको निगमले जनाएको छ । यद्यपि पेट्रोल, डिजेल, हवाई इन्धन र मट्टितेलमा मूल्य घट्दा पनि यथावत् राख्दा १५ दिनमा करिब रु ५८ करोड नाफा हुने निगमले जनाएको छ । हाल अन्तर र्राष्ट्रिय बजारमा प्रशोधित पदार्थको मूल्य पुन:घटबढ हुने क्रममा रहेको अवस्थामा पेट्रोलियम पदार्थको आपूर्ति सञ्चालन राख्न र इन्डियन आयल कर्पोरेशन लिमिटेडको बक्यौता एवं सरकारलाई उपलब्ध गराइएको ऋणको व्यवस्थापन गर्न निगमलाई चुनौती रहेकाले हाललाई पेट्रोलियम पदार्थको खुद्रा मूल्य यथावत राखिएको छ, विज्ञप्तिमा भनिएको छ । रासस

# साढे आठ अर्ब अमेरिकी डलर रेमिट्यान्स पुग्ने अनुमान

काठमाण्डौ,मंसिर १७
नेपालमा सन् २०२२ मा रेमिट्यान्स आप्रवाह तीन दशमलव छ प्रतिशतले बढेर साढे आठ अर्ब अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ । विश्व बैंकले सार्वजनिक गरेको ‘ माइग्रेसन एन्ड डेभलपमेन्ट ब्रिफ’ रिपोर्टअनुसार गत वर्षको तुलनामा यस वर्ष रेमिट्यान्स बढ्ने देखिएको हो । सन् २०२१ मा नेपालले आठ अर्ब २० करोड अमेरिकी डलर बराबर रेमिट्यान्स भित्र्याएको थियो । नेपालले रेमिट्यान्समार्फत आउने रकम मुद्दति निक्षेपमा राख्दा अतिरिक्त ब्याज दिने व्यवस्था गरेको, दैनिकरुपमा पठाउन सकिने रकमको सीमा बढाएको र विदेशी मुद्रा बचत खाता खोल्न सकिने व्यवस्था लागू गरेपछि त्यसको सकारात्मक प्रभाव देखिएको पनि रिपोर्टमा उल्लेख छ । कूल गार्हस्थ्य उत्पादन (जिडिपी) आकारको तुलनामा बढी रेमिट्यान्स भित्र्याउने मुलुकमा नेपाल अग्रस्थानमा छ । नेपालले सन् २०२२ मा कूल जिडिपीको २२ प्रतिशत बराबर रेमिट्यान्स आर्जन गर्ने अनुमान विश्व बैंकको छ । सन् २०२२ मा विश्वव्यापी रेमिट्यान्स प्रवाहको वृद्धिदर चार दशमलव नौ प्रतिशत हुने अपेक्षा विश्व बैंकको छ । गत वर्ष अर्थात् सन् २०२१ मा विश्वभर पछिल्लो एक दशकयताकै उच्च रेमिट्यान्स परिचालन भएको थियो । सन् २०२० को तुलनामा सन् २०२१ मा १० दशमलव दुई प्रतिशतले रेमिट्यान्स प्रवाह बढेको विश्वबैंकको रिपोर्टमा उल्लेख छ । कोभिड महामारी, रुस-युक्रेन युद्ध, विश्वभर देखिएको मूल्यवृद्धिलगायत समस्याको असर आप्रवासी कामदार र रेमिट्यान्समा पनि देखिएको रिपोर्टमा उल्लेख छ । सन् २०२२ मा दक्षिण एशिया क्षेत्रको रेमिट्यान्स प्राप्ति तीन दशमलव पाँच प्रतिशतले बढ्ने अनुमान गरिएको छ । त्यो गत वर्षभन्दा न्यून हो । गत वर्ष अर्थात् सन् २०२१ मा यो क्षेत्रको रेमिट्यान्स आप्रवाह वृद्धिदर छ दशमलव सात प्रतिशत बराबर थियो । सन् २०२३ मा भने विश्व रेमिट्यान्स वृद्धिदर दुई प्रतिशतमा खुम्चिनेछ । आगामी वर्ष दक्षिण एशियाको रेमिट्यान्स वृद्धिदर शून्य दशमलव सात प्रतिशतमा खुम्चनेछ । यस वर्ष दक्षिण एशियामा मात्रै एक खर्ब ६३ अर्ब अमेरिकी डलर बराबर रेमिट्यान्स आउने अनुमान विश्व बैंकको छ । जनसङ्ख्याको अनुपातमा आप्रवासी कामदार पठाउने दक्षिण एशियाली मुलुकमा नेपाल तेस्रो स्थानमा छ । अफगानिस्थानले आफ्नो जनसङ्ख्याको १३ दशमलव पाँच, श्रीलङ्काले आठ दशमलव आठ र नेपालले आठ प्रतिशत आप्रवासी कामदार पठाएको छ । त्यस्तै भूटानमा छ दशमलव पाँच, बङ्गलादेशमा चार दशमलव आठ, पाकिस्तानमा तीन र भारतमा एक दशमलव तीन प्रतिशत जनसङ्ख्या आप्रवासी कामदारका रुपमा रहेका छन् । निम्न र मध्यम आय भएका मुलुकमध्ये सबैभन्दा बढी रेमिट्यान्स यस वर्ष भारतले भित्र्याउने अनुमान गरिएको छ ।

भारतले यस वर्ष एक खर्ब अमेरिकी डलर बराबर रेमिट्यान्स भित्र्याउने विश्व बैंकको अनुमान छ । त्यस्तै मेक्सिकोले ६० अर्ब डलर, चीनले ५१ अर्ब डलर, फिलिपिन्सले २८ अर्ब डलर, अरब रिपब्लिकले ३२ अर्ब डलर, पाकिस्तानले २९ अर्ब डलर, बङ्गलादेशले २१ अर्ब डलर र नाइजेरियाले २१ अर्ब डलर रेमिट्यान्स भित्र्याउने अनुमान गरिएको छ ।रासस




# माछा पाल्ने किसानलाई ५० प्रतिशन अनुदान

चीतवन,मंसिर १७
भरतपुर महानगरपालिकाले व्यावसायिक रुपमा माछा पाल्ने किसानलाई विद्युत् महसुलमा ५० प्रतिशत अनुदान दिने भएको छ । महानगरपालिकाको आर्थिक वर्ष २०७९/८० को स्वीकृत पशु सेवा विकास कार्यक्रमअन्तर्गत व्यावसायिक मत्स्य फर्मको विद्युत् महसुलमा ५० प्रतिशत अनुदान दिन लागिएको हो । महानगरले आफ्नो नीति तथा कार्यक्रममा अनुदानले यहाँको कृषि उत्पादनलाई वृद्धि गर्ने लक्ष्य लिएको छ । विद्युत् महसुलमा अनुदानका लागि आवेदन पेस गर्न भरतपुर महानगरपालिकाको वेबसाइट वा कृषि महाशाखामा सम्पर्क गर्न किसानलाई अनुरोध गरिएको महानगरपालिकाको कृषि तथा पशुपक्षी व्यवसाय प्रवर्द्धन शाखाप्रमुख मेघराज ढकालले बताए ।

यो कार्यक्रमले मत्स्य कृषकलाई प्रोत्साहन गर्न सहयोग पुऱ्याउने महानगरले अपेक्षा लिइएको उनले बताए । अनुदानका लागि किसानले माछापोखरीमा पानी भर्नका लागि प्रयोग भएको विद्युत् मिटरमा उठेको रकम र विद्युत् कार्यालयमा तिरेर रसिद महानगरपालिकामा पेस गर्नुपर्ने हुन्छ । यस्तै व्यावसायिक फर्म महानगरको वडा कार्यालयमा दर्ता गरेको हुनुपर्ने र मिटर फर्मको नाममा दर्ता गरेको हुनुपर्ने प्रमुख ढकालले जानकारी दिए ।

यस्तै फर्म महानगरपालिका अथवा सेवा केन्द्रमा सूचीकरणसमेत गरेको हुनुपर्ने उनले बताए । महानगरपालिका-१८, २०, २२, २३, २६ लगायतका वडामा व्यावसायिक रुपमा माछापालन गरिएको छ । महानगरपालिकाले माछासँगै र दूधमा पनि अनुदान दिइरहेको छ । प्रतिलिटर दूधमा तीन रुपयाँ अनुदान दिने कार्यक्रम महानगरपालिकाले सञ्चालन गरिरहेको छ । रासस

# मुसीकोटमा उत्पादित किवी वाइन कम्पनीले खरिद गर्ने



रुकुम,मंसिर १७
रुकुम पश्चिमको आठविसकोट नगरपालिका-१० का गणेश शाही वार्षिक २५ क्विन्टल किवी उत्पादन गर्छन । आफ्नो ठाउँमा किवीको राम्रो उत्पादन हुने सम्भावना देखेपछि उहाँले अन्य खेतीपाती गर्ने जग्गामा किवीको बिरुवा लगाएका छन । बिरुवा लगाइएको करिब दुई वर्षमै बारीमा किवी फल्न थालेपछि शाही निकै खुसी भएका छन । किवी फले पनि जिल्लामै थोरै मात्रामा बिक्री भएकाले ठूलो मात्रामा फलेको किवी बजारसम्म पुऱ्याउन उनलाई निकै गाह्रो भयो ।

घरबाट डोकोमा बोकेर करिब दुई किलोमिटर हिँडेपछि मात्र सडक भेटिन्थ्यो । सडकमा किवी पुऱ्याए पनि गाडीले किवी बोक्न नमान्दा शाहीलाई किवी बिक्री गर्न निकै समस्या भयो । उनी मात्रै होइन, उक्त नगरपालिकामा किवी खेती गरेका किसानलाई बिक्री गर्न धेरै समस्या भयो । किवीले बजार पाउन छाडे पनि नगरपालिकामा रहेको एउटा वाइन उद्योगले खरिद गर्ने भएको छ । नगरपालिकाका किसानले उत्पादन गरेको किवी कर्णाली वेभरेज प्रालिले खरिद गर्ने भएको हो । आठबीसकोट नगरपालिका-१२ झिनचौरमा रहेको उक्त प्रालि र किसानको सहमतिअनुसार फलाएको किवी प्रतिकिलो रु एक सय २५ मा खरिद हुने नगर प्रमुख रवि केसी जानकारी दिन्छन । उनका अनुसार यस नगरपालिकाको वडा नम्बर १, २, ३, १०, ११ र १२ मा एक सय ४२ क्विन्टल किवी उत्पादन भएको छ । छ वटा वडामा गरेर अहिले नगरपालिकामा ४७ जना व्यावसायिक किवी उत्पादक किसान छन् । पहिलो स्थानीय सरकारले किवी खेतीलाई जोड दिएपछि नगरपालिकामा किवी खेती गर्ने किसानको सङ्ख्या धेरै पुगेको छ । सरकारले किसानलाई अनुदानमा ठूलो मात्रामा किवीको बिरुवा विरतरण गरेको थियो भने किसान आफैँले किनेर पनि बिरुवा लगाएका थिए । नगरपालिकामा गत वर्ष मात्र दुई हजार एक सय वटा किवीका बिरुवा रोपिएका थिए । अहिले नगर भरमा करिब एक हजार पाँच सय किवीका बोटले उत्पादन दिइरहेको नगरपालिकाको अनुमान छ । ती बोटबाट करिब एक सय ४२ क्विन्टल किवी उत्पादन हुने अनुमानसहित नगरपालिकाको रोहवरमा उक्त प्रालि र किसानबीचमा सहमति भएको हो । त्यस्तै नगरपालिकाले ढुवानीका लागि अनुदान पनि दिने भएको छ । किसानको बारीबाट वडा नम्बर १२ मा रहेको कम्पनीसम्म किवी पुऱ्याउन लाग्ने भाडा नगरपालिकाले तिरिदिने नगर प्रमुख केसी बताउछन । अहिलेसम्म किसानले आ-आफैँ किवी बिक्री गरिरहेकामा पहिलोपटक नगरभरको किवी एकमुस्ट बिक्री हुन लागेको हो । नगरमै किवी खपत हुने र ढुवानीमा अनुदान पाइने भएपछि कृषक खुसी भएका छन् । कर्णाली वेभरेजले वाइन तथा विभिन्न जुस उत्पादन गरिरहेको छ । रासस


# पशुपालनबाट आर्थिकरुपमा सक्षम बन्दै महिला

रामपुर, १७ मङ्सिर
व्यावसाय सानो होस् या ठूलो, हरेक क्षेत्रमा पुरुषकै वर्चस्व छ । महिलाकै भरमा व्यवसाय धानिए पनि समाजमा पुरुषले नै नाम कमाउने चलन अझै कायमै छ । पछिल्ला समयमा भने महिला सशक्तिकरण, चेतनाको स्तर विकास हुँदै गर्दा महिला आफैं स्वावलम्बी बन्न विभिन्न व्यवसायमा संलग्न बनेका छन् । आफ्नै नाममा व्यवसाय दर्ता गरेर आर्थिक क्षेत्रमा पाल्पाका महिला अब्बल बन्दै गएका छन् । रामपुर सिर्जनशील पशुपक्षी तथा कृषि फार्मका सञ्चालक सिर्जना पौडेलले समाजमा पशुपालन गरेर उदाहरणीय महिलाका रुपमा कहलिएका छन । उनको व्यावसाय यस क्षेत्रकै नमुना र अवलोकनयोग्य बनेको छ । कालीगण्डकी करिडोरको आडैमा रहेको उहाँको व्यवसाय अवलोकन गर्न र व्यवसायसम्बन्धी जानकारी लिन कृषक पुग्ने गर्दछन् । सामाजिक सङ्घसंस्थामा सक्रिय उनी पशुपालनबाटै आफू आत्मनिर्भर बन्दै गएको बताउछन । रामपुर नगरपालिका-५ सानीअमराईकी पौडेलले बेझाड बजारमा करिब एक दशक फेन्सी पसल सञ्चालन गरेकी थिए । फेन्सी पसलबाट राम्रै आम्दानी गर्नुभएकी उनले सो व्यवसायलाई घरमै सारेर पशुपालनलाई सँगै अगाडि बढाएका छन । पशुपालनबाट आफू सन्तुष्ट रहेको पौडेल बताउछन । उनले गाउँका अन्य महिलालाई पनि पशुपालनमा लाग्न सल्लाह दिने गर्छन । पुरुषको तुलनामा महिलाको जिम्मेवारी धेरै छ, हिम्मत र साहस गरियो भने पुरुषभन्दा महिला कुनै पनि क्षेत्रमा कमजोर छैनन, उनले भने , अरूको भरमा रहेका महिला सधैं पछाडि परिरहेका छन्, आयआर्जनमूलक व्यवसायमा लागियो भने कसैमाथि निर्भर रहनु पर्दैन्, आर्थिकरुपमा बलियो भएपछि घरपरिवार, समाजबाट सम्मानजनक व्यवहार पाइन्छ ।

उनको फार्ममा हाल सातवटा भैँसी र तीनवटा गाई छन् । अहिले छ भैँसी र एक दुहुना गाईबाट दैनिक ३५ लिटर दूध बजारमा बिक्री गर्छन । यहाँको बजारमा भैँसीको प्रतिलिटर रु ८५ र गाईको रु ६५ दूधको मूल्य रहेको छ । पशुपालनबाट उनले मासिक रु ६० देखि ७० हजारसम्म आम्दानी गर्दै आएका छन । एक भैँसीलाई रु एक लाख ७० हजार मूल्यमा खरिद मूल्य परेको पौडेलले बताए । उन्नत जातका पशुपालनबाट राम्रो आम्दानी लिन सकिने उनको भनाइ छ ।

भैँसी खरिद र संरचना निर्माणमा करिब रु २० लाखभन्दा बढीको लगानी परेको छ । आफ्नै जग्गा प्रशस्त रहेको हुँदा घाँसपातमा सहज भएको उनले बताए । घरायसी कामधन्दा, छोराछोरीको स्याहारसुसारले महिला घरबाट बाहिर निस्कन पाउँदैनन् । महिलापुरुष समान भन्ने गरिए पनि घरभित्रको जिम्मेवारी महिलाकै काँधमा हुन्छ । घरायसी कामधन्दाका अलवा हिम्मत र साहस गरियो भने महिलाले विभिन्न व्यावसाय, उद्यम गरेर समाजमा आर्थिक क्षेत्रमा बलियो बन्न सक्ने उनको अनुभव छ ।

घरमै परिवारको साथमा बसेर पशुपालनबाट दैनिक आम्दानीको दरिलो स्रोत बनेको छ, बजारको सहज हुँदा दूध बिक्री गर्न समस्या छैन, दिनहुँ हातमा दाम परिरहन्छ, आफ्नै जग्गामा व्यवसाय चलाउँदा भाडा तिर्ने पैसा बचत गर्न पाइयो, उनले भने । उनँले बलियो र व्यवस्थित संरचना तयार पारेका छन । पहिला घरमा एक दुईवटा पशुपालनको अनुभव लिएकी उनले व्यावसायिक रुपमा पाल्न थालेपछि दाम मात्र नभई समाजमा उद्यमी



महिलाका रुपमा पहिचान दिन सफल भएको बताए । रामपुर क्षेत्रका विभिन्न सामाजिक सङ्घसंस्थामा आबद्ध उहाँको दैनिकी पशुपालन, फेन्सी पसल सञ्चालनसहित सामाजिक काममा बित्ने गरेको छ । व्यवसाय, घरायसी काम, सामाजिक क्षेत्रको कामले उहाँको दैनिकी हिजोआज व्यस्त बनेको छ । सानैदेखि नै हरेक काममा निडर र साहस राख्ने पौडेलको व्यवसाय लोभलाग्दो छ । आफ्नो कमाईमा आफैं रमाउन पाउँदा आनन्दानुभूति लाग्ने गरेको उनले अनुभव सुनाए । रामपुर-६ बस्ने दीपा पँगेनीले डेढ वर्षअघि देखि पशुपालन व्यवसाय सुरु गरेका छन । सक्षम सङ्कल्प पशु तथा कृषि फार्म दर्ता गरेर व्यावसायिक रुपमा अगाडि बढेको छ । उनको फार्ममा हाल नौवटा उन्नत जातका भैँसी छन् । फार्ममा रहेका छवटा दुहुना भैँसीबाट अहिले दैनिक ४० लिटर दूध उत्पादन गरी बिक्री गरिहनुभएको छ । आफ्नै नाममा व्यावसाय हुँदा छुट्टै आनन्द लाग्दो रहेछ, व्यवसायमा जोस जाँगर थपिने, सामान्य खर्चलाई अरूको भर पर्नु परेन, दूध बेचेपछि हातमा पैसा परिहने, अर्काको अधीनमा काम गर्नु परेन, आनन्दको पेसा रहेछ हामी महिलालाई घरधन्दासँगै सबै काम एकै पटक सकिन्छ, उनले भने । पछिल्लो समय पाल्पामा महिलाहरु आफ्नै नाममा व्यवसाय दर्ता गरेर आयआर्जनतिर अगाडि बढेका छन् । व्यवसायमा आबद्ध भएपछि अहिले उनीहरुको दैनिकी बदलिएको छ । बिहानसाँझ घरको कामधन्दा सकाएर दिनभर फुर्सदमा बस्ने महिलालाई समयको सदुपयोग सँगै आयआर्जनको गतिलो माध्यम बनेको छ । महिला परनिर्भरता कम हुदै गएको छ । रासस

# सडक दुर्घटना युवाको सबैभन्दा ठूलो हत्यारा



ट्राफिक प्रहरीको तथ्याङ्क अनुसार नेपालमा साउन, भदौ, असोज र कात्तिकका चार महिनामा भएका ३ हजार ३ सय ३६ सडक दुर्घटनामा ५६ जना मानिसको ज्यान गयो भने ८६ जना गम्भीर घाइते भए।

विश्व बैंकको हालै निकालेको एक प्रतिवेदनले यसको रोकथामका लागि तत्काल पहल आवश्यक भएको जनाएको छ। उक्त प्रतिवेदन अनुसार दुर्घटना र हिंसाले प्रत्येक मिनेट आठ जनाभन्दा बढीको ज्यान लिइरहेको छ।

ट्राफिक प्रहरीका अनुसार २०७० को दशकको ८ आर्थिक वर्षमा मात्रै १ लाख ८६ हजार २७७ सडक दुर्घटना भयो। ती दुर्घटनामा १९ हजार ३५८ ज्यान गुमाए भने १ लाख ३५ हजार १७५ जना मानिस घाइते भए।

विश्व बैंकको उक्त प्रतिवेदन हिंसा र दुर्घटनाबाट हुने चोटपटकका कारण हरेक वर्ष ४४ लाख मानिसको मृत्यु हुने गरेको छ। संसारमा प्रत्येक बाह्रौं मृत्युको लागि दुर्घटनाबाट हुने चोटहरू जिम्मेवार छन्।

विश्व स्वास्थ्य सङ्गठनले जारी गरेको उक्त प्रतिवेदन 'प्रिभेन्सन इन्जुरिज एन्ड भाइलेन्सः एन ओभरभ्यु' ले दुर्घटना र हिंसाका कारण दैनिक १२ हजार ५५ जनाले ज्यान गुमाइरहेका छन्।

प्रतिवेदनका अनुसार हिंसा र अनायासै चोटपटकका कारण वर्षेनी ४४ लाख मानिसको मृत्यु हुने गरेको छ। यदि हेर्ने हो भने, संसारमा प्रत्येक बाह्रौं मृत्युको लागि यी चोटहरू जिम्मेवार छन्।

सन् २०१९ मा हुने मृत्युमध्ये ८ प्रतिशतको लागि यी चोटपटक र हिंसाका कारण जिम्मेवार रहेको तथ्यांकले देखाएको छ। यो वर्ष अनजानमा भएको चोटपटकले ३१.६ लाखको ज्यान लिएको छ भने हिंसामा परेका घाइतेले १२.५ लाखको ज्यान लिएको छ।

यति मात्र होइन, सडक दुर्घटनाका कारण प्रत्येक तीनमध्ये एक जनाको मृत्यु हुने गरेको पाइएको छ। छ मध्ये एक मृत्यु आत्महत्या, नौ मध्ये एक हत्याका कारण र ६१ मा एक युद्ध र द्वन्द्वका कारण छन्। यी बाहेक हरेक वर्ष लाखौं मानिस यस्ता घाउको सिकार हुने गर्छन्, जसका कारण ज्यान जाँदैन तर अस्पताल जानुपर्ने हुन्छ, कतिपय अवस्थामा आकस्मिक भर्ना समेत गर्नुपर्ने हुन्छ। यी चोटहरूबाट घाइते भएका व्यक्तिहरू स्थायी रूपमा असक्षम हुन सक्छन्। साथै, उनीहरूलाई दीर्घकालीन स्वास्थ्य हेरचाह चाहिन्छ। एकै समयमा, त्यस्ता बिरामीहरूलाई मानसिक स्वास्थ्य हेरचाह र पुनर्वासको पनि आवश्यकता हुन सक्छ।

चोटपटक र हिंसाका यी घटनाहरूले शारीरिक हानि मात्र नभई अर्थतन्त्रमा पनि ठूलो असर पार्छ। यस्ता दुर्घटनाका कारण हरेक वर्ष विश्वभरका देशले आफ्नो स्वास्थ्य प्रणालीमा करोडौं डलर खर्च गर्नुपर्ने जानकारी आएको छ। एकै समयमा, चोटपटक र हिंसा पीडितहरूले उनीहरूको कम दक्षता, उत्पादकता र घट्दो आम्दानीको रूपमा तिर्नु पर्छ।

यस सम्बन्धमा विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का प्रमुख डा टेड्रोस अधानोम गेब्रेयसस भन्नुहुन्छ, "गरिबीमा बस्ने मानिसहरू घाइते हुने सम्भावना बढी हुन्छ।" उहाँका अनुसार यी स्वास्थ्य असमानताहरूलाई सम्बोधन गर्न र चोटपटक र हिंसा रोक्न स्वास्थ्य क्षेत्रको प्रमुख भूमिका छ।

यति मात्र होइन, प्रतिवेदनले पाँचदेखि २९ वर्ष उमेर समूहका व्यक्तिको मृत्युको मुख्य पाँच कारणमा सडक दुर्घटनामा घाइते, हत्या र आत्महत्या गरेको खुलासा गरेको छ। चोटपटक वा चोटपटक लाग्ने अन्य कारणहरूमा डुबेर, खसेर, जलेर र विषादीका कारण हुने मृत्युहरू समावेश छन्।

१५ देखि २९ वर्षका युवाको कुरा गर्ने हो भने उनीहरुको मृत्युको सबैभन्दा ठूलो कारण सडक दुर्घटनामा परी घाइते हुनु नै हो। सडक दुर्घटनाका कारण वर्षेनी २ लाख ७१ हजार ९९० युवाले ज्यान गुमाइरहेका छन् । यस्ता दुर्घटना र घटनालाई निकै कम खर्चमा सीमित गर्न सकिने पनि प्रतिवेदनमा उल्लेख छ। उदाहरणका लागि, स्पेनका सहरहरूमा सवारी साधनको गति सीमा ३० किलोमिटर प्रतिघण्टामा बढाउँदा सडक दुर्घटनामा कमी आएको छ। त्यस्तै भियतनाममा पनि मानिसलाई पौडी खेल्ने तालिम दिएर पानीमा डुबेर मृत्यु हुनेको संख्यामा कमी आएको छ। त्यस्तै, नाबालिगलाई यौन हिंसाबाट जोगाउन यौन सहमतिको उमेर १२ वर्षबाट १६ वर्षमा पुर्याएपछि फिलिपिन्समा सकारात्मक परिवर्तन देखिएको छ । धैरै देशहरूमा जीवन बचाउनका लागि गरिएका उपायहरू पर्याप्त छैनन्। यसका लागि राजनीतिक इच्छाशक्ति र लगानी चाहिन्छ। डब्ल्यूएचओका निर्देशक इटिन क्रुग भन्नुहुन्छ, "हरेक वर्ष लाखौं परिवारलाई यस अनावश्यक पीडाबाट बचाउन तत्काल कदम चाल्नु आवश्यक छ।" *श्रोतः आइएनएस-स्वतन्त्र समाचार*

# ठूलो परिणाममा गाँजा बरामद

विकास अग्रवाल - रौतहट, मंसिर १७ ।

रौतहटको गौर नगरपालिका ३ बाट शनिवार दिउँसो सुरक्षाकर्मीले ठुलो परिमाणमा लागु औषध गाँजा बरामद गरेको छ । प्रहरीले लागु औषध ओसार पसारमा संलग्न ट्रक सहित चालकलाई समेत नियन्त्रणमा लिएको छ ।

धादिङ्गको नौबिसेबाट खरिद गरेर ल्याएको उक्त गाँजा जमिन मुनि गाडिएको अवस्थामा सुरक्षाकर्मीले फेला पारेको हो ।

गौर नगरपालिका वडा नम्बर ३ स्थित स्थानीय अफरोज आलमको फलक पोल्ट्री फर्ममा जमिनमुनि गाडिएको अवस्थामा सुरक्षाकर्मीले सात वटा पोकामा रहेको करिब २ सय ४० किलो लागु औषध गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । फर्मका सञ्चालक आलम अनुसार विगत ६ महिना देखि आफ्नो फर्म भारतीय नागरिक जमसैद आलमलाई भाडामा दिएको बताउँछन् ।

विगत केही दिनदेखि फर्ममा बाहिरी व्यक्तिहरुको आवतजावत बढ्दै आएपछि शंका लागेको बताउँदै आलमे आफुले नै सुरक्षाकर्मीलाई जानकारी दिएपछि वास्तविक खुलेको हो ।

घटनास्थलमा सुरक्षाकर्मी आएर खोज तलाश गर्दा केही भेटिएको थिएन् तर, एक्कासी फर्म भित्रबाट मानिसहरु भाग्दै जाँदा ताजा अवस्थामा पुरिएको माटो खन्दा उक्त गाँजा बरामद भएको थियो ।

८ हजार किलोका दरले खरिद गरिएको उक्त गाँजा करिब २० लाख रुपैयाको रहेको पक्राउ परेका मकवानपुर ३ का ट्रक चालक सुरेन्द्र सान्ताङ्गले बताए । वाग्मती प्रदेश ०१ ००६ ख २८३० नम्बरको ट्रकमा पराल मुनी लुकाई छिपाई ल्याएको चालक सान्ताङ्गको भनाई छ । 'पोल्ट्री फर्मसम्म सजिलै आईपुगेको समान झारेर भित्र खाल्टो खनेर राखेको अवस्थामा सुरक्षाकर्मीले समात्यो' उनी भन्छन् ।

# मजदूरी सँगै पढाईमा व्यस्त दलित परिवारकी ज्योति

एस.के. कर्ण

जनकपुर, मंसिर १७ ।

हरवा चरुवा दलित परिवारकी छोरी ज्योति कुमारी महरा खेल्ने उमेरमा पढाई र घरको कामकाजका साथै आमालाई सहयोग गर्न खेतमा मजदूरी गर्नमा व्यस्त छिन् ।

कक्षा ५ मा अध्ययनरत १० वर्षिय धनुषाको विदेह नगरपालिका ६ गिद्धा टोलीकी ज्योतिलाई घरको काम र खेतमा समेत धान काट्न जाने लगायत थुप्रै कामले भ्याईनभ्याई भएपनि ट्यूशनको पढाई, विद्यालयको होमवर्क गर्दै आएकी छिन् ।

उनी बिहानै ५ बजे सुतेर उठ्छिन । उठेपछि दैनिक नित्यकर्मपछि घरको भान्साघरमा राखेका बर्तन मांझेर बिहानै साढे ६ बजे नै ट्विशन पढन गाउँकै सामुदायिक भवनमा पुग्नुपर्छ । साढे ८ बजे ट्विशन सकाएर घर आई खाना खाएर १० बजे विद्यालय समेत पुग्नुपर्छ । यति मात्र होइन विद्यालयमा छुट्टी भए लगतै धान काट्ने काममा आमाका हातपुर्न खेतमा समेत प्रत्येक दिन जानुपर्छ ।

घर आएपछि फेरी उही झटपटमा बर्तन मांझ्ने अनि खाना बनाउन आमालाई सहयोग गर्ने । त्यसपछि स्कूल र ट्विशनको होमवर्क पुरा गर्ने । संघर्षका यी कार्य ज्योतिकको दैनिकी नै बनिसकेको छ । डाक्टर बन्ने सपनाले उनलाई दृढ संकल्पित बनाएकाले दिनरात मेहनतमा लागेकी छिन् ।

ज्योतिका बुवा रामएकवाल महरा भारतको मद्रास शहरमा मजदूरी गरिरहेका छन । रामएकवालको पैसाले घर धान्न नसकेपछि ज्योति आमासँगै पढाईबाट समय



बचाएर खेतमा काम गर्न जान्छिन । मजदूरीबाट आएका पैसार बईनमा भेटने धानले उनका पुरा परिवार छाक टार्दै आएका छन । सोहीबाट बचेका पैसा र गिरहतबाट कर्जा लिएर ज्योतिको किताब र विद्यालयमा नाम लेखाई उनका आमाबुवाले गर्दै आएका छन ।

विद्यालयको पढाईमा ज्योतिलाई उनका आमाबुवाका साथै गैरसरकारी संस्था सामुदायिक सुधार केन्द्र (सीआईसी) ले समेत सहयोग गर्दै आएका छन । ज्योति मात्र होइन हरवाचरवा समूहसँग आबद्ध दलितका बालबालिकालाई पढाईमा कापी, पेन्सिल, कटर, स्कुल ड्रेस लगायतका शैक्षिक सामाग्रीका साथै निशुल्क ट्विशन कक्षा दिदै आएका छन । विद्यालयको होमवर्क मात्रै होइन कक्षागत किताबका अन्य सोलुसन र अतिरिक्त पढाई समेत सो ट्विशनमा गराइदै आएको छ । फ्रिडम फण्डसको आर्थिक सहयोगमा सिआईसीद्वारा सञ्चालित गिद्धा स्थित ट्विशन कक्षामा ज्योति सहित दुई समूहमा दलित हरवाचरवा परिवारका ८० जना कक्षा १ देखि ७ सम्मका विद्यार्थी पढिरहेका छन ।

गरीब दलित हरुवा चरुवा परिवारमा जन्मेकी ज्योति आफ्ना आमाबुवाको गरीबी जन्मैदेखि नियाल्दै आएकाले दिनरात मेहनत गरी डाक्टर बनेर उन्मुक्ति दिलाउने जूनून छ । ज्योति भन्छिन सिआईसीले संचालन गरेको ट्विशन कक्षाले हामीलाई पढाई र आर्थिक दूवै रुपले धेरै नै मद्दत पुरयाएको छ । बाहिर ट्विशन पढन जाँदा ३/४ सय रुपैया महिना लिने गरेको छ । तर सबै कक्षाको सबै विषय पनि पढाउंदैनन् । तर यहाँ पढ्दा निशुल्क पढिरहेको छु । कक्षाका सबै किताबको होमवर्क गराउंदै आएकाले आफूलाई पढाईमा निकै मद्दत पुगेको छ । अहिलेको निरन्तरता कायम रहे पक्कै एक न एक दिन आफू डाक्टर बन्ने नै छु ।

उनी भन्छिन गरीब दलित परिवारबाट भएको कारण आमाबुवा पनि पढन नसकी हरुवा चरुवामा जीवन बिताई रहेका छन । तर हरुवा चरुवा परिवारका बालबालिका लागि सञ्चालित निशुल्क ट्विशन, शैक्षिक सामाग्री र छात्रवृतिले आफूलाई डाक्टर बन्ने इच्छा जागृत भएपछि संघर्षलाई निरन्तरता दिदैं आएका छौं र सहयोग जारी रहे भने गरीबीले आफ्नो आत्मविश्वासमा कुनै असर पार्न सक्दैन् ।

# शुक्लागण्डकीको पर्यटन प्रवर्द्धनमा जोड

मधशेदृष्टि

काठमाडौ, मंसिर १७ ।

शुक्ला गण्डकी नगरपालिका क्षेत्रको पर्यटन प्रवर्द्धन हुनुपर्नेमा जोड दिइएको छ ।

नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ( फोनिज) गण्डकी प्रदेशद्वारा शुक्लागण्डकी-२ दगाममा आयोजित 'शुक्ला गण्डकी नगरपालिकाको पर्यटन प्रवर्द्धनमा सञ्चारको भूमिका' कार्यक्रमका वक्ताले यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा सामूहिक प्रयासको खाँचो औंल्याए ।

गण्डकी प्रदेशका कानुन, सञ्चार तथा प्रदेशसभा मामिला मन्त्रालयका सचिव शम्भुराम रेग्मीले पर्यटन प्रवर्द्धनका लागि सबैको सामूहिक प्रयास आवश्यक हुने बताए । नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ गण्डकी प्रदेशका प्रमुख एमवि आस्थाले शुक्लागण्डकी क्षेत्रमा प्रकृति र संस्कृतिको अनुपम गन्तव्य दगाम जस्ता थुप्रै स्थल भएर पनि पर्यटन बजारमा चर्चा हुन नसकेको बताए ।

दगाम सामुदायिक होमस्टेका संयोजक नन्दराज थापाले धेरै सम्भावना रहेर पनि त्यसको उजागर हुन नसक्दा आफूहरू पछि परेको गुनासो गर्नुभयो । शुक्लागण्डकी पत्रकार मञ्चका अध्यक्ष राजन उपाध्यायले पोखराबाट नजिक रहेर पनि यहाँका पर्यटकीय गन्तव्य पर्यटन बजारमा पुग्न नसकेको बताए ।

दगामबाट देखिने दृश्यावलोकन, यहाँका प्राङ्गारिक उत्पादनको स्वादसँगै शुक्लागण्डकी क्षेत्रका ढोरबाराही, यहींबाट सुरु हुने सहस्राब्दी पदमार्ग आदि प्रवर्द्धनकै अभावमा ओझेलमा परेको बताए ।

कार्यक्रममा महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष रुद्र श्रीस, महासचिव धनबहादुर गुरुङ, सचिव सुशान्त गाह लगायतले शुक्लागण्डकीका पर्यटकीय गन्तव्यको प्रवर्द्धनमा सामूहिक प्रयासको खाँचो औंल्याए । यसैबीच महासङ्घले कानुन, सञ्चार तथा प्रदेशसभा मामिला मन्त्रालयको सहयोगमा पत्रकार क्षमता अभिवृद्धि तालिम पनि सम्पन्न गरेको छ ।

शुक्ला गण्डकी नगरपालिकाको दगाम सामुदायिक होमस्टेमा सम्पन्न कार्यक्रममा अधिवक्ता एवं सञ्चारकर्मी मनोज घर्तीमगरले प्रशिक्षण दिएको थियो । कार्यक्रममा कानुन, सञ्चार तथा प्रदेशसभा मामिला मन्त्रालयका सचिव रेग्मीले समाजका सत्यतथ्य कुरा खोतल्दै यसलाई जनमानसमा ल्याउने जिम्मेवारी सञ्चारकर्मी भएको जनाउँदै सधैँ समाजप्रति इमान्दार र जिम्मेवार हुनुपर्ने आवश्यकता औँल्याए ।

शुक्ला गण्डकी २ का वडाध्यक्ष सुमनबहादुर रानाले दगाम र आसपासको क्षेत्रको विकास आफ्नो प्राथमिकतामा रहेको जनाउँदै बाटो, खानेपानीलगायतका समस्यालाई समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा महासङ्घ गण्डकी प्रदेशका इन्चार्ज आस्थाले पत्रकारिताका माध्यमबाट सम्भावना भएर पनि ओझेलका पर्यटकीय गाउँको प्रवर्द्धन जरुरी रहेको बताउनुभयो । महासङ्घद्वारा बिहीबार र शुक्रबार दुई दिन आयोजित कार्यक्रममा विभिन्न सञ्चारमाध्यममा कार्यरत करिब ४० सञ्चारकर्मीको सहभागिता थियो ।

## रहेनन् शालिन पत्रकार ..............................

मा उनी मधेश प्रदेश मिडिया काउन्सिलका अध्यक्ष भई हाल सम्म काम गर्दै आएका थिए ।

भट्टराईको असमायिक निधन प्रति आमसञ्चार मिडिया प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले दुःख व्यक्त गरेका छन् । भट्टराईलाई समझिदै यादवले उनी पित्त पत्रकारिता बढ्दै गएको र पत्रकारितामा आएको विकृती प्रति सदैव चिन्ता व्यक्त गर्दै आएको सुनाए । उनी आफ्नो जिवनकालमा सधैं निस्वार्थ र स्वच्छ पत्रकारिता गरेको बताए ।

नेपाल पत्रकार महासंघका पुर्व अध्यक्ष शम्भु झाले भट्टराईलाई आफूहरुको अभिभावक बताए । उनले सदैव मर्यादित पत्रकारिताको कुरा गर्ने भट्टराईले आचार संहितामा रहेर पत्रकारिता गर्न सबैलाई प्रेरणा दिएकै कारण सप्तरीको पत्रकारिता दशै भरीमा चर्चा कमाएको विश्वास व्यक्त गरे । "शिवहरी दाईले सप्तरीको पत्रकारितालाई देशैमा चिनाउने काम गर्नु भयो । यहाँको पत्रकारितालाई सम्मानित र मर्यादित बनाउनमा वहाँको ठूलो योगदान छ" झाले भने ।

सम्झनामा शब्द

सप्तरीमा पत्रकार र पत्रकारिताबारेको चर्चा हुदाँ शिवहरी भट्टराईले बेलाबेलामा भन्दै आएका शब्दहरु र उखानहरु अहिले पनि उत्तिकै सान्दर्भिक र सम्झने खालको छ । जहाँ पत्रकार र पत्रकारिताको चर्चा चल्थ्यो त्यहाँ उनी भन्ने गर्थे "चरी खाने पत्रकारिता कहिले पनि नगुर्नु" यसको अर्थ बल्याकमेलिङ्ग, लेनदेन गरेर पत्रकारिता नगर्नु हो । उनी पत्रकारहरुलाई प्रेरणा दिदै भन्थे,"मर्यादित पत्रकारिता गर्नु ।"

उनले भनेका यी पंक्तिले आचार संहिता पालना गरी स्वच्छ र मर्यादित पत्रकारिता गर्नुपर्छ भन्ने सन्देश दिन्छ । सप्तरीमा संख्यात्मक र गुणात्मक पत्रकारिता कायम रहोस् भन्ने उनको इच्छा थियो ।

सप्तरीमा बरिष्ठ पत्रकारको रुपमा परिचित भट्टराई "स्थानिय सरकारले जव सम्म पत्रकारितालाई विकासको एउटा अंगको स्वीकार गर्दैन तव सम्म विकास सम्भव छैन्" विभिन्न मञ्चहरुमा बोलने गर्थे । पत्रकारिताको बृद्धि विकासमा लागानी गर्न र स्थानिय सरकारको एउटा अंग बनाउन स्थानियतहका पदाधिकारीहरुलाई आग्रह गर्दै आएका थिए । उनले रुचाउने मैथिली भाषा

सप्तरीका बरिष्ठ पत्रकार शिवहरी भट्टराई पत्रकारिता संगै सामजिक उत्तरदायित्व प्रति उत्तिकै जिम्मेवार थिए । उनी मैथिली भाषामा कुरा गर्न निकै रुचाउँथे । सप्तरीमा ५ दशक भन्दा बढी इतिहास भएका मैथिली भाषा संस्कृतीको उत्थान र संरक्षणमा कामगर्दे आएका संस्था मैथिली साहित्य परिषद्का आजीवन सदस्य थिए ।

उनले महेन्द्र विन्देश्वरी क्याम्पस राजविराजमा मैथिली भाषामा सबै भन्दा बढी अंक ल्याउने एक-एक जना छात्रछात्रालाई प्रतिवर्ष पुस्कार प्रदान गर्दै आएका थिए । उनी पहाडी मुलका भएपनि नेपाली भन्दा पनि मैथिली भाषाम कुरा गर्न रुचाउँथे ।

असमायिक निधन

नेपाल पत्रकार महासंघ सर्लाही शाखाले मंसिर १७ गते शनिवार आयोजना गरेको साधारणसभामा सहभागी हुन जनकपुरधाम देखि १६ मंसिर शुक्रवार साँझ लालबन्दीको पत्थरकोट स्थित होलीडे रिसोटमा पुगे मिडिया काउन्सिल मधेश प्रदेशका अध्यक्ष शिवहरी भट्टराई ।

उनको साथमा नेपाल पत्रकार महासंघ सर्लाही शाखाका अध्यक्ष टङ्क क्षेत्री, प्रदेश अध्यक्ष राजेश कर्ण र आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादव सहितका टोली पुगे । उनीहरु शुक्रवार राति संगै खाना खाएर कोठा तिर लागे ।

राजविराज नगरपालिका वाडा नम्बर ७ घर भएका भट्टराई शनिवार विहान ८.३० साधारणसभा आयोजन हुने स्थलमा पुगेन । उनलाई सबैले खोजी गरे तर नभेटिए पछि उनको खोजी गर्दै जाँदा उनी राति सुतेकै कोठामा वेडमै मृत भेटिए ।

## मुख्यमन्त्री द्वारा शोक .....

सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले पनि शोक वक्तव्य जारी गर्दै अध्यक्ष भट्टराईको निधनप्रति दुःख व्यक्त गरेको छ ।

नेपाल पत्रकार महासङ्घ सर्लाही शाखाको ११ औं वार्षिक साधारणसभामा सहभागी हुन सर्लाहीको लालबन्दी नगरपालिका-१३ पत्थरकोटस्थित होलिडे रिसोर्ट पुगेका अध्यक्ष भट्टराई शनिवार बिहान मृत फेला परेको थियो । ६७ वर्षीय भट्टराई शुक्रबार बेलुका उक्त रिसोर्टमा बसेको थियो ।

सप्तरी सदरमुकाम राजविराज निवासी भट्टराई मधेस प्रदेश मिडिया काउन्सिलको अध्यक्ष भएपछि जनकपुरधाममा बस्दै आएका थियो । शुक्रबार राति खाना खाएर सुत्नुभएका भट्टराई बिहान अबेरसम्म नउठेपछि बोलाउन जाँदा ढोका नखुलेको र झ्यालबाट हेर्दा मृतावस्थामा देखेपछि प्रहरीलाई खबर गरेको नेपाल पत्रकार महासङ्घ सर्लाही शाखाका अध्यक्ष टङ्कबहादुर क्षेत्रीले बताएका छन ।

भट्टराईको शव परीक्षणका लागि प्रादेशिक अस्पताल मलङ्गवामा पठाइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

## "डू एण्ड डाई" मनस्थितिमा ..............................

आशा किन खतरनाक लाग्छ भन्दाखेरी हामीले यदि काम गर्न सकेनौ भने के हुन्छ ? अन्तिम आशा तोडियो भने के हुन्छ त ? देश निराशामा जान्छ । जनता निराशामा जान्छन् । त्यो भएर यदि जनताले हामीलाई अन्तिम आशाको रुपमा देखेका छन् भने हाम्रो पनि जिम्मेवारी त्यही स्तरको हुनु पर्दछ ।

हाम्रो पनि मनस्थिति डू एण्ड डाईको मनस्थितिबाट काम गर्ने हुनुपर्दछ' बताउंदै उनले त्यही भएर म तपाईंहरुसँग पनि आग्रह गर्न चाहन्छु-तपाईंहरु जहिले पनि हामीलाई सहयोग गर्ने अवस्थामा रहनुस् । सहयोग गर्न तयार रहनुस् । हामी तपाईंलाई सहयोग गर्न जहिले पनि राति पनि आउन सक्छौं । दिउँसो पनि आउन सक्छौं । जतिबेला पनि आउन सक्छौं । तर यो तपाईंहरुको सहयोगले नै सम्भव हुनेछ भने ।' अध्यक्ष राउतले जनताले दिएको सल्लाह र सुझावकै आधारमा आफ्नो पार्टी अघि बढ्ने भन्ने कुरा कार्यक्रममा पटक पटक दोहरयाए । उनले चुनावमा ठूलो आशा र भरोसाका साथ आफ्नो पार्टीलाई मतदान गरेको भन्दै मतदाताहरुलाई धन्यवाद समेत व्यक्त गरे ।

## आगामी संसद्को ..........

त्यतिमात्र होइन जनताका विद्रोह र आक्रोसलाई पनि मत्थर पार्नसक्ने शक्ति पनि संसद्सँग छ । यसैले जनताका असन्तुष्टि र आवश्यकतालाई राज्यका निकायसँग विधायकले जतिधेरै 'भेन्टिलेट' गर्नसक्यो र जति धेरै उनीहरुका चासोमा पैरवी गर्नसक्यो त्यति नै मुलुकको द्वन्द्व समाधानमा सहयोग पुग्नेछ । यसकारण संसदीय व्यवस्थामा संसद्लाई द्वन्द्व समाधानको थलोका रुपमा लिइएको हो ।

राष्ट्रिय सहमति निर्माण

मुलुक यतिखेर राष्ट्रिय सहमतिको खोजीमा छ । त्यसो त संविधानसभाको निर्वाचनदेखि नै मुलुकले सहमतिको यात्रा तय गरेको हो । त्यसयताका प्रायःसरकार कुनै एक दलको मात्र नभई सहमतिका आधारमा बन्नुले सहमतिको एजेण्डालाई पारित गर्दै आएका हुन् ।

अर्को कुरा, जबसम्म अहिलेको निर्वाचन प्रणाली कायम रहन्छ त्यतिञ्जेल कुनै पनि राजनीतिक दलले संसद स्पष्ट बहुमत हासिल गरेर एकल सरकार निर्माण सम्भव छैन । यसको अर्थ पनि धेरै दलको सहभागितामा सरकार निर्माण हो र यस्तो सरकारको अर्थ पनि सहमतिका आधारमा देश सञ्चालन गर्नु भनेको हो । यही 'म्यान्डेट' हो यो संसद्को पनि । यसपटक त झन् पहिलो पटक संसदीय यात्रा तय गरेका अनुहार पनि धेरै छन् ।

उनीहरुको आगामी कार्यकालको सिकाइ हाम्रो संसदीय परम्पराले नै गर्ने भएकाले संसद्भित्र उनीहरुले असल शिक्षा पाउने अवस्था बनोस् र पुरानाबाट असल संस्कार सिक्ने संस्कार पनि बस्न सकोस् । त्यसैले नेपाल झल्किने विभिन्न जातजाति, भाषा, संस्कृति, भूगोल र इतिहास बोकेका सदस्यको मिश्रण रहेको यो समावेशी संसद्ले अनेकतामा एकताको सन्देशस्वरुप राष्ट्रिय सहमतिका माध्यमबाट राष्ट्र निर्माणको अभिभारा पूरा गर्न सक्नुपर्ने दायित्व छ ।

सरकार निर्माण गर्ने यो संस्थासँग कुनै एक दलले मात्र सरकार बनाउने अवस्था नरहेकाले राष्ट्रिय सहमतिको निर्माण प्रमुख दायित्व हो र यसरी सरकार निर्माणका निम्ति निर्मित सहमतिलाई राष्ट्र निर्माणमा समेत कुशल प्रयोग यो संसद्को अर्को कार्यभार हो । देश बनाउन ढिला भइसकेको सन्देश दिएर पछिल्लो जनादेशमार्फत नेपाली जनताले खोजेको सुशासन, द्रुत आर्थिक विकास, राजनीतिक स्थिरता, सरकारको स्थायित्वका लागि तय गर्नुपर्ने यात्रामा पनि राष्ट्रिय सहमतिको निर्माण एक सारथी बन्न सक्नेछ ।




इजरायली सीमा प्रहरीका सदस्यहरू डिसेम्बर २, २०२२ मा वेस्ट बैंक सहर नाब्लसको दक्षिणमा रहेको हुवारा सहरमा एक प्यालेस्टिनी व्यक्तिको हत्या भएको घटनास्थल नजिकै देखिएका छन्। उत्तरी वेस्ट बैंक सहर नाब्लस बाहिर इजरायली सीमा पुलिसले शुक्रबार ढिलो एक प्यालेस्टाइनीको हत्या गरेको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालय र प्रत्यक्षदर्शीहरूले बताएका छन् । *(निदाल एष्टेह/सिन्हुआ द्वारा फोटो)*

# पाकिस्तानी दूतावासमा भएको हमलाको निन्दा

काबुल, १७ मङ्सिर

तालिबानको कामचलाउ सरकारले यहाँस्थित पाकिस्तानी दूतावासमा भएको आतङ्कारी आक्रमणको निन्दा गर्दै देशमा रहेका कूटनीतिक नियोगहरूलाई सुरक्षा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । अफगानिस्तानको इस्लामिक इमिरेट्स पाकिस्तानी दूतावासमा भएको असफल आक्रमणको कडा शब्दमा निन्दा गर्दछ, काबुलमा रहेका कूटनीतिक नियोगको सुरक्षामा कुनै कमी हुन दिने छैन, तालिवान प्रशासनको विदेश मन्त्रालयका प्रवक्ता अब्दुल काहर बल्खीले भनेका छन् । पाकिस्तानी दूतावासमा शुक्रबार अज्ञात बन्दुकधारीले आक्रमण गरेको थियो । आक्रमणमा त्यहाँ खटिएका एक जना सुरक्षाकर्मी घाइते भएका छन् । काबुल प्रहरीका प्रवक्ता खालिद जाद्रानले आक्रमणको पुष्टि



गर्दै सुरक्षा बलका सदस्य समयमै आक्रमणस्थलमा पुगेका तथा त्यहाँबाट दुई थान बन्दुकका साथ एक जना संदिग्धलाई पक्राउ गरिएको बताएका छन् । हालसम्म कुनै समूह वा व्यक्तिले आक्रमणको जिम्मेवारी लिएको छैन । आक्रमणको अनुसन्धान सुरु गरिएको प्रवक्ताले जनाएका छन् । काबुलस्थित कूटनीतिक नियोगमा विगत चार महिनामा भएको यो दोस्रो आक्रमण हो । यसअघि रुसी दूतावासको प्रवेशद्वारमा भएको आत्मघाती बम आक्रमणमा दूतावासका दुई कर्मचारीसहित छ जना मारिएका थिए । शुक्रबार पाकिस्तानी दूतावासमा भएको आक्रमणको स्वदेश तथा विदेशमा व्यापक निन्दा भएको छ । संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का सदस्यलगायत विश्वका विभिन्न मुलुकले आक्रमणको निन्दा गर्दै अफगानिस्तानमा रहेको कूटनीतिक नियोगहरूको सुरक्षा सुनिश्चित गर्न तालिबान प्रशासनसँग आग्रह गरेका छन् । (रासस/सिन्ह्वा)

# प्यालेस्टिनी प्रधानमन्त्रीद्वारा संयुक्त राष्ट्रसंघलाई मध्यपूर्वमा शान्ति स्थापना लागि आह्वान

रमल्लाह, १७ मङ्सिर

प्यालेस्टाइनका प्रधानमन्त्री मोहम्मद इश्तेयले शुक्रबार इजरायलसँगको द्वन्द्व अन्त्य गर्न मध्यपूर्वमा शान्ति स्थापनार्थ पहल गर्न संयुक्त राष्ट्रसंघलाई आह्वान गरेका छन् ।

संयुक्त राष्ट्र संघको पश्चिम एशियाको आर्थिक तथा सामाजिक आयोगले प्यालेस्टिनीसँगको अन्तरराष्ट्रिय ऐक्यबद्धता दिवसको उपलक्ष्यमा न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्यालयमा आयोजना गरेको भर्चुअल बैठकमा इष्टायले यस्तो टिप्पणी गरेका हुन् ।उनले संयुक्त राष्ट्रसंघका सदस्यहरूलाई संयुक्त राष्ट्रसंघमा पूर्ण सदस्यता प्राप्त गर्न प्यालेस्टाइनको आवेदनलाई समर्थन गर्न, प्यालेस्टाइनमा आम चुनाव गराउन इजरायललाई दबाब दिन र प्यालेस्टाइनीहरू विरुद्ध गरेको अपराधको लागि इजरायललाई जवाफदेही बनाउन" आग्रह गरेका हुन् । प्यालेस्टाइनीहरू सन् १९६७ मा इजरायलले कब्जा गरेको प्यालेस्टिनी भूभागमा इजरायलसँगै एउटा स्वतन्त्र राज्य स्थापना गर्न चाहन्छन् जसमा वेस्ट बैंक र गाजा पट्टी पनि छ । जसको राजधानी पूर्वी जेरुसेलम हो । यसै बीच मङ्गलबार संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले प्यालेस्टिनी जनतासँग एकताको अन्तरराष्ट्रिय दिवसमा दुई-राज्य समाधानको आवश्यकतालाई पुनः पुष्टि गरेका छन् ।संयुक्त राष्ट्रसंघको अडान स्पष्ट छ- शान्ति स्थापना हुनपर्छ र यस क्षेत्रमा बल प्रयोगका गतिविधि अन्त्य हुनुपर्छ। हामी दुई राज्यहरू - इजरायल र प्यालेस्टाइन




- शान्ति र सुरक्षामा एक साथ अगाडि बढ्ने वातावरण बन्नुपर्छ उनले सन्देशमा भनेका छन् । (रासस-सिन्ह्वा)

# मलेसियामा मन्त्रिपरिषद् विस्तार

क्वालालम्पुर, १७ मङ्सिर

मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले शुक्रबार आफ्नो मन्त्रिपरिषद् विस्तार गरेका छन् । देशको सबै भागलाई प्रतिनिधित्व गराउँने अभिप्रायले दुईजना उपप्रधानमन्त्री नियुक्त गरेका छन् । एक टेलिभिजन भाषणमा प्रधानमन्त्री अन्वरले अर्थमन्त्रीको जिम्मेवारी भने आफैले सम्हाल्ने छन् । उनले सन् १९९१ देखि १९९८ सम्म पनि सो जिम्मेवारी सम्हालेका थिए ।युनाइटेड मलेस नेसनल अर्गनाइजेसन (युएमएनओ) का अध्यक्ष अहमद जाहिद



हमीदी र उत्तरी बोर्नियो राज्य सारावाकका फदिल्लाह युसुफलाई उपप्रधानमन्त्री तोकेका छन् । प्रधानमन्त्री अन्वरले यसअघि उत्तरी बोर्नियो राज्य सबा र सारावाकलाई बढी प्रतिनिधित्व दिने वाचा गरेका थिए । अन्य प्रमुख मन्त्रीहरूमा यातायात मन्त्रालयको प्रमुख एन्थोनी लोक सिउ फुक, अन्तरराष्ट्रिय व्यापार तथा उद्योग मन्त्री टेङ्कु जाफ्रुल टेङ्कु अब्दुल अजिज र विदेशमन्त्री जाम्ब्री अब्दुल कादिर लगायतका रहेका छन् ।(रासस-सिन्ह्वा)

# विश्वकप फुटबल अपडेट

## क्यामरुन बन्यो ब्राजिललाई वश्वकपमा हराउने पहिलो अफ्रिकी राष्ट्र



लुसिल (कतार), १७ मङ्सिर

अन्तर्राष्ट्रिय फुटबल महासङ्घ (फिफा) विश्वकप फुटबल प्रतियोगिताको इतिहासमा अफ्रिकी मुलुक क्यामरुनले शुक्रबार नयाँ इतिहास बनाएको छ । पाँचपटक विश्वकप फुटबलको उपाधि जितेको ब्राजिललाई क्यामरुनले शून्यका विरुद्ध एक गोलले हराएर नवइतिहास रचना गरेको हो । ब्राजिलसँगको खेलमा शानदान जित निकालेको क्यामरुन समूह चरणको खेलबाट बाहिरिएको छ । यद्यपि क्यामरुनका मुख्य प्रशिक्षक रिगोवर्ट सोङ पाँच पटकको विश्वविजेतालाई आफ्ना खेलाडीले हराएकामा क्यामरुनमात्र नभइ समग्र अफ्रिकी महादेशका निम्ति गर्वको विषय भएको बताउँछन् । दोभाषेको सहायतामा एशोसिएटेड प्रेससँग कुरा गर्दै उनले युवा वर्गलाई अवसर दिएमा लक्ष्य हासिल गर्न सहज हुने बताए । आफ्नै युवावयको स्मरण गर्दै उनले स्थानीय फुटबल क्लबमा खेलिरहेको आफूलाई सन् १९९४ को विश्वकपमा आफ्ना प्रशिक्षकले अवसर दिएको बताए । युवाको सामर्थ्यमा विश्वास गरेर नै उनका गुरुले आफूलाई विश्वकप खेल्ने मौका दिएको बताउँदै उनले २४ वर्षीय जेरोम एनगोम एमबेकीलाई मैदानमा उतारेको खुलासा गरे । ब्राजिलबाट ठूलो दबाब खेपिरहेको क्यामरुनलाई खेलाडी परिवर्तनको आवश्यकता पनि परेको थियो । नब्बे मिनेटको निर्धारित समयभित्र गोलरहित बराबरीमा नै दुवै टिम भिडिरहेका बेला थपिएको नौ मिनेटको उपयोग गर्न सोङले एमबेकीलाई मैदानमा उतारेका थिए । अतिरिक्त समयको सात मिनेटमात्र बाँकी छँदा ब्राजिललाई ठेगान लगाउन मैदान छिरेका उनले गोलपोष्ट समीप गरेको पासलाई हेड गर्दै भिन्सेन्ट अबुबाकरले क्यामरुनलाई जिताएका थिए । यसैबीच, ब्राजिलका प्रमुख प्रशिक्षक टिटेले क्यामरुनसँग ब्राजिलको पराजयको दोष आफूले लिएको बताएका छन् । नौ पटकसम्म खेलाडी परिवर्तन गरेर स्विटजरल्याण्डलाई सोमबार हराएको उनको रणनीतिले क्यारुनसँगको खेलमा साथ दिएन । उनले क्यामरुनका खेलाडीको स्तरीय खेलको प्रशंसा पनि गरेका छन् । मौकाको सदुपयोग गर्न नसक्दा हार व्यहोर्नु परेको उनले स्वीकार गरेका छन् । शुक्रबारको स्पर्धामा ब्राजिलले २१ र क्यारुनले ९ वटा गोल गर्ने अवसर गुमाएका थिए । (रासस/एपी)

## सर्वियामाथि रोमान्चक जितसहित स्वीट्जरल्याण्ड विश्वकपको नकआउट चरणमा



१७ मंसिर, काठमाडौं ।

समूहको अन्तिम खेलमा सर्वियामाथि ३-२ गोलअन्तरको रोमान्चक जितसहित स्वीट्जरल्याण्डले समूह जी को उपविजेताका रुपमा विश्वकपको अन्तिम १६ मा स्थान पक्का गरेको छ ।

बराबरी नै पर्याप्त रहेको स्वीट्जरल्याण्डका लागि लिभर पुलका स्ट्राइकर जर्दान शाकिरीले खेल सुरु भएको बीसौं मिनेटमा गोल गरी सुरुवाती अग्रता बनाएका थिए । तर, त्यसको १५ मिनेटअन्तरमै सर्वियाले दुई गोल फर्काएर खेलमा अग्रता बनायो । सर्वियाली सेन्टर फरवार्डहरु अलेक्जान्दर मित्रोभिचले २६औं र डुसान लाहोभिचले ३५औं मिनेटमा गोल गरेका हुन् ।

खेलको रोमान्चकता त्यतिमा मात्र सीमित भएन । पहिलो हाफको अन्तिममा ब्रिल एम्बोलोले क्लोज रेन्जबाट गोल गरेपछि खेल २(२ गोलको बराबरीमा आयो । नकआउट चरणमा स्थान पक्का गर्न जितको विकल्प नभएको सर्वियाका लागि दोस्रो हाफमा पुनरागमनको अवसर थियो । तर, दोस्रो हाफको खेल सुरु भएलगत्तै स्वीस टिमले अग्रता बनायो ।

रेमो फ्रेलरले हाफ भलीमार्फत शानदार गोल गरेका थिए । बाँकी समयमा दुवै टिमले गोलका अवसर पाएका थिए । तर, गोल हुन सकेन । यो नतिजाले स्वीट्जरल्याण्डले अन्तिम १६ मा समूह एचको विजेता पोर्चुगलसँग खेल्ने निश्चित भएको छ । यो हारले सर्विया समूहबाटै घर फर्केको छ ।

## ब्राजिल र स्वीजरल्यान्ड नकआउट चरणमा

काठमाडौं, १७ मङ्सिर

फिफा विश्वकप फुटबल २०२२ अन्तर्गत समूह जीचको अन्तिम खेलपछि ब्राजिल र स्वीजरल्याण्ड नकआउट चरणमा प्रवेश गरेका छन् ।

कतारमा शनिवार भएको खेलमा ब्राजिल क्यामरुनसँग १-० गोल अन्तर पराजित भयो । खेलको इन्जुरी समयमा क्यामरुनका लागि भिन्सेन्ट अबोउबाकारले गोल गर्दै क्यामरुनलाई जीत दिलाए । यद्यपि क्यामरुनका लागि यो जीत अन्तिम १६ मा पुग्नका लागि पर्याप्त भएन ।शनिवार भएको दोस्रो खेलमा स्वीजरल्याण्डले सर्वियालाई ३-२ गोल अन्तरले पराजित गर्दै अन्तिम १६ मा स्थान बनाउन सफल भयो । स्वीजरल्याण्डका लागि जेहेर्दान साकिरीले २० औं मिनेटमा गोल गर्र्दै अग्रता दिलाए भने सर्वियाका लागि एलेक्जेनडर मितरोभिकले २६औं मिनेटमा गोल गर्र्दै खेललाई बराबरीमा ल्याए । साथै, ३५औं मिनेटमा सर्बियाका लागि दुसान भोल्होभिकले गोल गर्दै २-१ गोल अन्तरले सर्बियालाई अग्रता दिलाए पनि स्वीजरल्याण्डका लागि खेलको ४८औं मिनेटमा ब्रिल एम्बोलो र रेमो फ्रेउलेरले क्रमशः ४४औं र ४८औं मिनेटमा गोल गरे । त्यसपछि खेलमा कुनै गोल हुन सकेन र स्वीजरल्याण्ड जीतसँगै नकआउट चरणमा प्रवेश गर्न सफल भयो ।

# जीतपुरसिमरालाई सुर्य नेपालको अस्पताल

मधेशदृष्टि
वीरगंज, मंसिर १७




प्रा.लि.ले निर्माण गरेको प्रसुती सेवा केन्द्रको भवन जीतपुर सिमरा उपमहानगरपालिकालाई हस्तान्तरण गरेको छ। सूर्य नेपालले सामाजिक उत्तरदायित्व अन्तरगत खर्च गर्ने रकम मध्येबाट ६२ लाखको लागतमा उक्त प्रसुती सेवा केन्द्र निर्माण गरेको हो । सुर्य नेपालले निर्माण गरेको प्रसुती सेवा केन्द्रमा पाँच वटा कोठा, ट्वाईलेट, बाथरुम, वेटिङ्ग हल र सरसफाई रुम रहेका छन् । सुर्य नेपाल प्रा.लि. का उद्योग व्यवस्थापक सुरेश काजी श्रेष्ठले जीतपुर स्वास्थ्य चौंकीको प्राङ्गणमा निर्माण गरिएको प्रसुती सेवा केन्द्रको साँचो जीतपुर सिमरा उपमहानगरपालिकाका प्रमुख राजन पौडेललाई हस्तान्तरण गरेकका छन् । प्रसुती सेवा केन्द्र हस्तान्तरण कार्यक्रममा नगर प्रमुख पौडेलले सुर्य नेपालको कार्यको प्रशंसा गर्दै धन्यबाद ज्ञापन गरे । उनले जीतपुर सिमरामा रहेका अन्य उद्योगहरुले पनि आफनो समाजिक उत्तरदायित्व जिम्मेवारीपुर्बक बहन गर्न आग्रह गरेका छन्

सुर्य नेपाल प्रा.लि. का उद्योग व्यवस्थापक सुरेश काजी श्रेष्ठले जीतपुर सिमरा उपमहानगरपालिकाको विकासमा सुर्य नेपाल सुरुवाती कालदेखि नै लागेको बताउँदै जीतपुरमा सेवाग्राहीको चाप बढी तर ठाउँ कम भएको गुनासो सुन्नसाथ यसलाई पहिलो प्राथमिकतामा राखी उपमहानगरपालिकासँगको समन्वयमा प्रसुती सेवा केन्द्र निर्माण गरेको जानकारी दिए । कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाको उप प्रमुख भोला अधिकारी, प्रमुख प्रशासकिय अधिकृत चेत कुमार पोखेल, सुर्य नेपालका बेदनाथ सुबेदी, सबिन श्रेष्ठ लगायतको उपस्थित रहेको थियो ।

# श्रेष्ठ र सोनललाई २ सय केजीको माला



मधेशदृष्टि
वीरगंज, मंसिर १७

सत्ता गठबन्धनको तर्फबाट बारा निर्वाचन क्षेत्र नम्बर ४ का निर्वाचित प्रतिनिधि सभा सदस्य किसान श्रेष्ठ र ४ (ख) का निर्वाचित प्रदेशसभा सदस्य जितेन्द्र सोनललाई स्थानीयहरूले २ सय ५ किलोको मालाले सम्मान गरेका छन् ।

बाराको परवानिपुर गाउँपालिका वडा नम्बर ५ बहुआरिमा आयोजित धन्यवाद ज्ञापन कार्यक्रममा स्थानीयहरूले निर्वाचित संघीय सांसद श्रेष्ठ र प्रदेश सभा सदस्य सोनललाई सम्मान स्वरूप २ सय ५ किलोको माला लगाइदिएका हुन् ।

मंसिर ४ गते भएको प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनमा ५ दलीय गठबन्धनको तर्फबाट बारामा श्रेष्ठ र सोनल मात्रै निर्वाचित भएका छन् ।

# अहमदिया संघ नेपाल द्वारा रक्तदान



मधेशदृष्टि
वीरगंज, मंसिर १७

सबैलाई प्रेम गर, कसैलाई घृणा नगर'भन्ने नारा सहित शनिबार विन्दावासिनीको प्रसौनी भाठामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । विन्दावासिनी गाउँपालिका वडा नं ५ मा भएको रक्तदान कार्यक्रममा ३०जनाले रक्तदान गरेका छन् ।रक्तदान कार्यक्रममा विन्दवासिनी गाउँपालिका अध्यक्ष प्रमोद तिवारीको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

अहमदिया संघ नेपालको आयोजना तथा नेपाल रेडक्रस सोसाईटीको समन्वयमा रक्तदान कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा अहमदिया संघ नेपालका अध्यक्ष कमरुल होदा अन्सारी अध्यक्षतामामा सम्पन्न्न भएको छ । विन्दवासनी गाउँपालिका वडा नम्बर ५ को वडाध्यक्ष मोहन राउत अहिर लगायतकाको सहभागिता रहेको अहमदिया संघ नेपालका पर्सा ईन्चार्ज हासिम अहमदले जानकारी गराए । यस संस्थाले बिगत लामो समय देखि यस्ता बिभिन्न किसिमका हरु गर्दै आएको छ। हावाहुरीमा , भुकम्प पिडित तथा कोरोनाको बेलामा रहत सामग्रीहरू वितरण गरेका छ ।

## वीरगंज महानगरपालिकाद्वारा

# अव्यवस्थित तार हटाउन ७ दिने अल्टिमेटम

मधेशदृष्टि
वीरगंज, मंसिर १७



वीरगञ्ज महानगरपालिकाको कार्यालयले महानगरभित्र रहेका अव्यवस्थित तारहरु व्यवस्थापन गर्न ७ दिनको अल्टिमेटम सहितको सुचना जारी गरेको छ ।

महानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अरबिन्दलाल कर्णद्वारा जारी सूचनामा महानगर क्षेत्रभित्र मुख्य सडक र शाखा सडक छेउमा रहेका विद्युतीय पोल र टेलिकमका पोलहरुमा विभिन्न कम्पनीका नेट सेवा प्रदायकहरुले तथा अन्य संस्थाहरुले टांगेका तारहरु अव्यवस्थित रहेको र यसले महानगरको सौन्दर्यतालाई नै कुरुप बनाएकोले ७ दिन भित्र त्यस्ता तारहरुको व्यवस्थापन गर्न निर्देशन दिइएको छ ।

अव्यवस्थित तारका कारण नगर क्षेत्रमा दुर्घटना हुँदै आएको र आगामी दिनहरूमा पनि यसबाट अन्य मानवीय दुर्घटना हुनसक्ने हुँदा ती तारहरुको व्यवस्थापन गर्न सुचना जारी गरिएको बीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले बताए । टेलिफोन, केवल लाईन, ईन्टर नेटका तारहरुको कारण नगर क्षेत्र कुरुप देखिएको र दुर्घटना समेत बढदै गएपछि यसलाई व्यवस्थित गर्न ७ दिनको म्याद तोकिएको र सुचनाको वेवास्ता गर्नेलाई कडा कारवाही गरिने महानगरपालिकाले जनाएको छ ।

# वीरगंजमा २७ नेवारी कन्याको सामुहिक बेल विवाह सम्पन्न



मधेशदृष्टि
वीरगंज, मंसिर १७

नेवार समूदायको सामुहिक बेल विवाह (इहि )कार्यक्रम आज वीरगंजमा सम्पन्न भएको छ । दुईदिन मनाउने बेल विवाह आज वीरगंजस्थित माईस्थान पार्कमा सम्पन्न भएको हो ।

माईस्थान इहि समितीले आयोजना गरेको उक्त कार्यक्रममा २७ जना नेवारी कन्याहरुको नेवारी परम्परा अनुसार बेल विवाह गरिएको छ । जिल्लाका विभिन्न ठाउँमा बसोबास गरेको नेवारहरुलाई एकैठाउँमा उपस्थित गराई भव्य रुपमा बेल विवाह गराउने उदेश्यले सामुहिक बेल विवाह कार्यक्रमको आयोजना गरिएको माईस्थान इहि समितीका अध्यक्ष सुन्दर श्रेष्ठले बताउनुभयो । इहि अर्थात बेल विवाह नेवार समुदायमा जन्मेकी छोरीहरुको रजस्वला हुनु अगावै गर्ने गरिन्छ । इहि गर्ने दिन बालिका दिनभर व्रत बस्छन् । बेल लगायत कलश, बज्र, चक्र आदिको पूजाआजा गरेपश्चात इहि गर्ने बालिकाका बुवाले कन्यादन दिन्छन् । नेवार जातिमा बेल जस्तो भयो दुलहीको वर पनि उस्तै हुने विश्वास छ । साथै इहि गरेकी महिलाले आफ्नो श्रीमानको मृत्यु भएपछि पनि सिन्दुर लगाउन कुनै बाधा नपर्ने नेवारी समुदायमा मान्यता छ ।

# किर्तन भवनको शिलान्यास

मधेशदृष्टि
जनकपुर, मंसिर १७ ।

जनकपुरधाम उपमहानगरपालिकाले किर्तन भवनको एक कार्यक्रमका बीच शिलान्यास गरेको छ । उपमहानगरपालिकाको वडा नम्बर १ रेल्वे स्टेशन स्थित हनुमान मन्दिर नजिक शनिवार एक कार्यक्रमबिच किर्तन भवनकोशिलान्यास गरिएको हो ।

उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साह र नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक निरंजन झाले संयुक्त रुपमा सो किर्तन भवनको शिलान्यास गरेका हुन । यता रेल्वे स्टेशन नजिकै तिर्थालु र पर्यटकहरुको आवागमनलाई ध्यानमा राखी शौचालय निर्माण गरिने जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले जानकारी दिएका छन ।

रेल्वे संचालनसंगै जनकपुरधाम पुग्ने पर्यटकहरुको संख्यामा समेत बढेको र शौचका लागि शौचालयको अभावका कारण समस्या भएकोले शौचालय निर्माण गर्न लागिएको नगर प्रमुख साहले बताएका छन् ।

# ह्विल चेयर दौड प्रतियोगिता


मधेशदृष्टि
वीरगंज, मंसिर १७

विश्व अपाङ्ग दिवसका अवसरमा वीरगञ्जमा ह्विल चेयर दौड प्रतियोगिता सम्पन्न भएको छ । विश्व अपाङ्ग दिवसका अवसरमा एलाईड युथ सोसाईटीको आयोजनामा वीरगञ्जको आदर्शनगरस्थित पूरानो बसपार्कमा ह्विल चेयर दौड प्रतियोगिता सम्पन्न भएको हो ।

६ जनाको सहभागिता रहेको प्रतियोगितामा सन्तोष महतो, महाविर राम र रामअयोध्या प्रसाद क्रमश प्रथम, द्वितिय र तृतिय भएका छन् । विजेताहरुलाई वीरगञ्ज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, जिल्ला प्रशासन कार्यालय पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेल, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायव उपरीक्षक निर्मल बुढाथोकी, मधेश विश्व विद्यालयका उपकुलपति प्राध्यापक डाक्टर दीपक शाक्य, डाक्टर अशोक दास लगायतले प्रमाणपत्र र न्यानो कम्बल सहित सम्मान पुरस्कृत गरेका छन् । त्यसअघि प्रतियोगितामा सहभागीहरुलाई खादा ओढाएर सम्मान सहित ह्विल चेयर दौड प्रतियोगिताको उद्घाटन गरिएको थियो ।

संस्थाका अध्यक्ष आकाश दासको अध्यक्षतामा भएको कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका सरसफाई शाखा अधिकृत सरफुद्दीन मियाँ, वडा प्रहरी कार्यालय वीर्ताका प्रमुख प्रहरी निरीक्षक विशाल मल्ल, सशस्त्र प्रहरी वोर्डर आउट पोष्ट भन्सारका सशस्त्र प्रहरी निरीक्षक रबिन्द्र भट्ट, सिर्सिया आउटपोष्टका सशस्त्र प्रहरी निरीक्षक तीर्थराज बस्नेत, वीरगञ्ज सामुदायिक आँखा अस्पतालका संयोजक महेशसिंह धामी, युवा नेता दिलिपराज कार्की लगायतको उपस्थिति रहेको संस्थाका निवर्तमान अध्यक्ष ओम कुमार झाले जानकारी दिए ।

# भावपूर्ण श्रद्धाञ्जली



मधेश प्रदेश मिडिया काउन्सीलका अध्यक्ष एवं नेपाल पत्रकार महासंघका सप्तरी शाखाका संस्थापक अध्यक्ष, नेपाल पत्रकार महासंघका पुर्व केन्द्रीय उपभासपति शिवहरी भट्टराईको असामयिक निधनको खबरले स्तब्ध भएका छौं । उहाँको आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै शोकाकुल परिवारलाई धैर्यधारण गर्न माताजानकीले शक्ति प्रदान गरुन भन्ने कामना गर्दछौं ।

**मधेश प्रदेश प्रकाशन समूह, परिवार**




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.–२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल